# भाग १ : सर्वेक्षणको परिचय

## १. पृष्ठभूमि

नेपालमा कुखुरापालनको शुरुवात प्राचीन समयदेखि हुँदै आएको देखिन्छ । शुरुशुरुमा घरायसी उपभोगका लागि मात्र थोरै संख्यामा कुखुरापालन गर्दै आएकोमा जनसंख्या वृद्धि, बदलिँदो परिवेश र उन्नत प्रविधि तथा नश्लको विकाससँगै विगत तीन दशकदेखि नेपालमा कुखुरापालन व्यवसाय निकै द्रुत गतिमा फस्टाउँदै आएको छ । कुखुराको मासु र अण्डाको माग दिनानुदिन बढ्दै गएको परिप्रेक्ष्यमा यो व्यवसाय नेपालको सन्दर्भमा निकै महत्वपूर्ण रहिआएको छ । कम समयमै लगानीको प्रतिफल आउने, थोरै जमिन र कम पूँजी हुने व्यवसायी तथा किसानले समेत सजिलै व्यवसाय सञ्चालन गर्न सक्ने हुनाले हालका दिनमा यो व्यवसायले राष्ट्रिय अर्थतन्त्रमा नै अहम् भूमिका निभाउँदै आएको छ ।

कुखुरापालन व्यवसायसम्बन्धी तथ्याङ्कको महत्व दिनानुदिन बढ्दै गइरहेको छ । यस व्यवसायको भौतिक संरचना, वातावरणीय प्रभाव, रोजगारीको अवसर, आयआर्जनको स्थिति, रोगको प्रकार र प्रकृति, सरकारी/गैरसरकारी सेवाको उपलब्धतालगायत व्यावसायिक उन्नतिको लागि सरकारसँगको अपेक्षा आदि समेटिएको तथ्याङ्क तथा सूचनाको आवश्यकतालाई मध्यनजर गरी नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०७१/७२ मा कुखुरापालन सर्वेक्षण सञ्चालन गर्दैछ । सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरु यस व्यवसायको विकासका लागि आवश्यक नीति निर्माण तथा योजना तर्जुमा र अनुगमन एवं मूल्याङ्कन गर्न उपयोगी हुनुका साथै यस क्षेत्रका अनुसन्धानकर्ता, व्यावसायी, विद्यार्थीहरू र यस क्षेत्रमा चासो राख्ने सवै सरोकारवाला व्यक्तिहरूलाई पनि महत्वपूर्ण हुने विश्वास विभागले लिएको छ ।

सर्वेक्षण प्रयोजनको निमित्त तयार पारिएका प्रश्नावलीभित्र रहेका प्राविधिक एवं सैद्धान्तिक कुराहरूलाई सकेसम्म स्पष्ट पारी सहजतापूर्वक गणना कार्यसम्पन्न गर्ने उद्देश्यले यो निर्देशिका तयार गरिएको छ । निर्देशिका गुणस्तरीय तथ्याङ्क सङ्कलन गर्न गराउन गणनामा संलग्न कर्मचारीहरू एवं विश्लेषणकर्ता सबैका निमित्त सहयोगी हुनेछ ।

## २. उद्देश्य

नेपालमा सञ्चालनमा रहेका कुखुरापालन व्यवसायहरू (दर्ता भएका वा नभएका) को अवस्था (Status), वितरण (Distribution), बनोट (Structure) र प्रकृति (Nature) सम्बन्धी जानकारीका साथै ती व्यवसायहरूको जम्मा संख्या, व्यवसायबाट सिर्जित रोजगारी, मासु तथा अण्डा उत्पादन तथा बिक्री, सञ्चालन तथा पूँजीगत खर्च आदि विवरणहरूको सङ्कलन, प्रशोधन, विश्लेषण एवं व्याख्या गरेर सोको प्रकाशन गर्नु यस सर्वेक्षणको प्रमुख उद्देश्य हो । बुँदागत रूपमा भन्नुपर्दा यो सर्वेक्षणका उद्देश्यहरू देहायअनुसार रहेका छन् ।

क) राष्ट्रिय अर्थतन्त्रमा कुखुरापालन व्यवसायले पुर्‍याएको योगदानको अनुमान गर्ने ।
ख) कुखुरापालन व्यवसायहरूको अवस्था, वितरण, बनोट र प्रकृतिको बारेमा सूचना उपलब्ध गराउने ।
ग) यो क्षेत्रमा भएको सालवसाली खर्च, त्यसबाट उत्पादित वस्तुको उपयोगको बारेमा सूचना उपलब्ध गराउने ।
घ) यो क्षेत्रमा रहेको रोजगारीको स्थिति, यस क्षेत्रले राष्ट्रिय आयमा ओगटेको अंश र त्यसको मात्रा पत्ता लगाउने ।
ङ) योजना तर्जुमा, नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र अध्ययन/अनुसन्धान गर्न योजनाविद्, नीति निर्माणकर्ता, प्राध्यापक, अनुसन्धानकर्ता, विद्यार्थी तथा सरोकारवालाहरूलाई तथ्याङ्क उपलब्ध गराउने ।

## ३. सर्वेक्षण विधि

**३.१ अध्ययन क्षेत्र:** व्यावसायिक कुखुरापालन गरिएका सम्पूर्ण जिल्लाहरुमा यो सर्वेक्षण सञ्चालन गरिनेछ ।

**३.२ व्यवसायिक कुखुरापालनको परिभाषा:** कुखुरापालन सर्वेक्षण २०७१ प्रयोजनको लागि व्यवसायिक कुखुरापालन भन्नाले वार्षिकरुपमा कम्तिमा ५०० वा सोभन्दा बढी कुखुरा पाली कुखुरा तथा अण्डा बिक्री वितरण गर्ने व्यवसायी/कृषकहरु

तथा प्यारेन्ट कुखुरा पाली चल्ला उत्पादन गरी बिक्री वितरण गर्ने ह्याचरीहरुलाई जनाउँदछ । अतः सन्दर्भ अवधिमा संचालनमा रहेका व्यवसायी/कृषकहरु तथा ह्याचरीहरुलाई मात्र यो सर्वेक्षणमा समेटिएको छ ।

**३.३ तथ्याङ्कको स्रोत र नमूनाको आकार (Data Source and Sample Size) :** सर्वेक्षणको लागि पहिलो चरणमा प्रत्येक जिल्लामा रहेका चल्ला तथा दाना बिक्री वितरण गर्ने डिलर, सबडिलर, एग्रोभेटका साथै ह्याचरीहरुमा गई माथि उल्लिखित परिभाषा अनुसारका कुखुरापालक व्यवसायी/कृषक परिवारको नामनामेसी साथै तिनले वार्षिक रुपमा पालेका किसिमअनुसार कुखुरा संख्या सहितको विवरण संकलन गरी जिल्लाअनुसार सूची तयार पारिएको छ । दोस्रो चरणमा यसै सूचीबाट आवश्यक संख्यामा व्यवसायी/कृषक वैज्ञानिक विधिबाट छनौट गरी छानिएका व्यवसायी/कृषकहरुबाट विस्तृत विवरण संकलन गरिनेछ ।

## ४. सन्दर्भ अवधिः

व्यवसायिक कुखुरापालन सर्वेक्षण २०७१ को लागि सन्दर्भ वर्ष र सन्दर्भ दिन गरी दुई किसिमका सन्दर्भ समय लिइएका छन् । सन्दर्भ वर्ष भन्नाले मिति २०७० पौष १६ देखि २०७१ पौष १५ सम्मको १२ महिनाको अवधिलाई मानिएको छ । सन्दर्भ दिन भन्नाले गणना भएको दिनलाई मानिएको छ । प्रश्नावली अन्तर्गत संकलन गरिने विभिन्न विवरणहरुको सन्दर्भ समय साधारणतया १२ महिनाको अवधिलाई मानिएको भए तापनि केही खास कुरामा भने सन्दर्भ अवधि गणनाको दिनलाई मान्नु पर्नेछ । जस्तैः व्यवसायले गरेको चालु तथा पूँजीगत खर्च, अस्थायी कामदार संख्या, मासु तथा अण्डा उत्पादन तथा बिक्री आदिको विवरण लिँदा सन्दर्भ अवधि १२ महिनाको अवधिलाई मानी विवरण संकलन गरिन्छ भने स्थायी कामदारको संख्या, फर्ममा रहेका कुखुरा संख्या, कृषि ऋण, व्यावसायिक भवनको प्रयोग आदिलाई लिँदा गणनाको दिनलाई सन्दर्भ अवधि मानी विवरण संकलन गरिन्छ ।

## ५. गोपनीयताको प्रत्याभूति

सर्वेक्षणबाट प्राप्त विवरण तथ्याङ्क ऐन, २०१५ अनुसार गोप्य रहनेछन् र समष्टिगतरूपमा मात्र प्रकाशित गरिने छन् । सङ्कलित तथ्याङ्क गोप्य राखिने कुरामा उत्तरदातालाई विश्वस्त तुल्याउन सके मात्र सही तथ्याङ्क सङ्कलन गर्न सकिन्छ । कुनै पनि कुखुरापालन व्यवसायको विवरण व्यक्तिगत रूपमा देखिने गरी प्रकाशनमा ल्याइने छैन र सामूहिक रूपमा तथ्याङ्कीय प्रयोजनको लागि मात्र प्रयोग गरिने कुरामा उत्तरदातालाई विश्वास दिलाउनुपर्दछ ।

## ६. प्रश्नावली फाराम भर्दा ध्यान पुऱ्याउनुपर्ने कुराहरू

सुपरिवेक्षकले केन्द्रीय वा स्थानीयस्तरको सुपरिवेक्षणको क्रममा भरेका फाराम बुझ्दा वा गणकले प्रश्नावली फाराम भर्दा निम्नकुराहरूमा ध्यान पुऱ्याउनुपर्दछ ।

- प्रश्नावलीको पहिलो पेजको माथिल्लो भागको दाहिने कुनामा फाराम क्रमसंख्या लेख्नको लागि ६ वटा कोठा राखिएको छ । यस कोठामा विभागबाट छनोटमा परेका व्यावसायी/कृषकको लिष्टमा दिइएको फाराम क्रमसंख्याको महलमा रहेको संख्या लेख्नुपर्दछ । यसरी फाराममा संख्या लेख्दा एकपटक रूजु गर्नुहोस् ताकि त्यो संख्या विभागले पठाएको Sample List मा उपलब्ध गराइएको संख्यासँग मिलेको छ या छैन । तल उदाहरणमा भए बमोजिमको हुनुपर्दछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ५ | ० | ० | १ | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ५ | ० | ० | ५ | ९ |

- प्रश्नावलीमा सोधीएका प्रश्नहरूको उत्तर सम्बन्धित ठाउँमा (गोलो लगाउने ठाँउमा गोलो गर्न र लेख्नुपर्ने स्थानमा लेख्न) स्पष्टसँग बुझिने गरी लेख्नुपर्दछ । यदि अक्षर र अङ्क नबुझिने गरी लेखियो भने तथ्याङ्क साङ्केतीकरण र प्रविष्टि (Data Coding and Entry) गर्दा गल्ती हुन्छ । संख्या वा रकम वा उत्तरको कोड लेख्दा विशेष होशियारी अपनाउनुपर्दछ । प्रश्नावलीमा सोधीएका प्रश्नका उत्तरहरू अङ्क र अक्षर दुवै नेपालीमा लेख्नुपर्दछ ।

- हरेक शीर्षकअन्तर्गतका लहरमा खर्च वा आम्दानी वा कामदार संख्या नआउने अवस्था पनि हुन सक्दछ । त्यस्तो अवस्थामा गणकले प्रश्नावली फाराम भर्दा खाली भएको खर्च वा आम्दानी वा संख्याको महल वा कोष्ठमा यस्तो "-" चिह्न लेख्नुपर्दछ ।
- प्रश्नावलीको उपयुक्त ठाउँमा अङ्क लेख्नु अघि हिसाब गर्नुपरेमा प्रश्नावलीको अन्तिम पृष्ठको खाली ठाँउमा गर्नुपर्दछ वा छुट्टै सादा पानामा गर्नुपर्दछ ।
- प्रश्न नं. ३.१ अन्तर्गतको तलबी कर्मचारीको कुनै कोठामा कर्मचारीको संख्या उल्लेख भएको छ भने सम्बन्धित कोठामा तलब वा अन्य सुविधाको रकम अनिवार्य लेखेको हुनुपर्दछ ।

***सम्पूर्ण विवरण लिएपश्चात् उत्तरदातालाई धन्यवाद ज्ञापन गरी मात्र बिदा लिनुपर्दछ ।***

# भाग २ : प्रश्नावली

## खण्ड १ : परिचयात्मक विवरण

### १.१ जिल्ला
कुखुरापालन व्यवसाय जुन जिल्लामा रहेको छ सोही जिल्लाको नाम प्रश्न १.१ अन्तर्गतको खाली ठाउँमा लेख्नुपर्दछ । चितवन जिल्लामा रहेको कुखुरापालन व्यवसायसँग विवरण सङ्कलन गरिँदैछ भने जिल्लापछिको खालि ठाउँमा “चितवन” लेख्नुपर्दछ र दाहिने किनारामा रहेका दुई कोठाहरूमा चितवन जिल्लाको कोड ३५ लेख्नुपर्दछ । जिल्लाको कोड यसै निर्देशिकाको **अनुसूची १** मा दिइएको छ ।

### १.२ नगरपालिका/गा.वि.स.
कुखुरापालन व्यवसाय रहेको नगरपालिका/गाउँ विकास समितिको नाम प्रश्न १.२ अन्तर्गतको खाली ठाउँमा लेख्नुपर्दछ । नगरपालिका/गाउँ विकास समितिको दाहिने किनारामा रहेको कोठामा नगरपालिका भए १ र गाउँ विकास समिति भए २ कोड लेख्नुपर्दछ ।

### १.३ वडा नम्बर
कुखुरापालन व्यवसाय प्रश्न १.२ मा उल्लेख गरिएको गाविस/नगरपालिकाको कुन वडामा सञ्चालनमा रहेको छ, सोही वडा नं. यहाँ लेख्नुपर्दछ । हाल नगरपालिका घोषणा भएको अवस्थामा वडा नम्बर लेख्दा पुरानो गा.वि.स. अन्तर्गतको वडा नम्बर नलेखी नयाँ कायम भएको नगरपालिकाको वडा नम्बर लेख्नुपर्दछ ।

### १.४ गाउँ/टोल
कुखुरापालन सर्वेक्षणअन्तर्गत छनोटमा परेको कुखुरापालन फर्म जुन गाउँ/टोलमा रहेको छ सोही गाउँ/टोलको नाम यस ठाउँमा लेख्नुपर्दछ ।

### १.५ फर्म/व्यावसायीको नाम
फर्म/व्यावसायीको नाम लेख्दा आधिकारिक निकायमा जे नाम राखेर रजिष्टर्ड अर्थात् दर्ता गरिएको थियो सोही नाम वा साइनबोर्डमा जे नाम लेखिएको छ सोही नाम नै फर्म/व्यवसायीको नाम हुन आउँछ । साइनबोर्ड नभएको अवस्थामा व्यवसायले प्रयोग गर्ने रसिद वा छाप वा लेटर प्याड आदिमा जे नाम उल्लेख गरिएको छ सोही नाम यहाँ उल्लेख गर्नुपर्दछ । दर्ता नभएको वा रसिद वा छाप वा लेटर प्याड पनि नभएका फर्म/व्यवसायीको नाम लेख्दा भने व्यवसायी/मुख्य कृषकको नाम नै लेख्नुपर्दछ । फर्मको नाम एकपटक वा पटकपटक बदल्ने गरिएको पाइएमा पछिल्लोपटक जे नयाँ नाम राखिएको छ सोही नाम नै यहाँ उल्लेख गनुपर्दछ ।
फर्म/व्यवसायीको नाम उल्लेख गरिसकेपछि निजको फोन नम्बर दिइएको कोठामा स्पष्टसँग लेख्नुपर्दछ ।

### १.६ प्रमुख सञ्चालकको नाम
कुखुरापालन व्यवसाय प्रमुख सञ्चालनकर्ताको नाम लेख्नुपर्दछ । प्रमुख सञ्चालक एकजना मात्र भए निजको नाम र एकभन्दा बढी सञ्चालकहरू रहेको अवस्थामा तिनीहरूमध्ये प्रमुख सञ्चालकको नाम लेख्नुपर्दछ ।

### १.७ प्रमुख सञ्चालकको लिङ्ग
प्रश्न १.६ मा उल्लिखित प्रमुख सञ्चालक महिला पुरुष के हुन सोहीअनुसार पुरुष भए १ र महिला भए २ कोड दिइएको कोठामा लेख्नुपर्दछ ।

### १.८ प्रमुख सञ्चालकको उमेर
प्रश्न नं. १.६ मा उल्लिखित प्रमुख सञ्चालकको पूरा भएको उमेर दिइएको कोठामा लेख्नुपर्दछ । *उदाहरणको लागि कुनै सञ्चालकको उमेर ४५ वर्ष ११ महिना भएपनि ४५ वर्ष नै लेख्नुपर्दछ ।*

### १.९ प्रमुख सञ्चालकको शैक्षिक योग्यता
कुखुरापालन व्यवसाय सञ्चालन गर्ने **प्रमुख सञ्चालक**को शैक्षिक योग्यता सोधी खाली ठाउँमा लेखेर शैक्षिक योग्यताको कोड दाहिने तिरको कोठामा लेख्नुपर्दछ । यसरी उत्तीर्ण गरेको तह लेख्दा सम्बन्धित व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक

योग्यताको सबैभन्दा माथिल्लो तहको कोड लेख्नुपर्दछ, अध्ययन गरिरहेको तह लेख्नुहुँदैन । शैक्षिक योग्यताको कोड **अनुसूची २** मा दिइएको छ ।

### १.१० प्रमुख सञ्चालकको किसिम/जाति

कुखुरापालन व्यवसाय सञ्चालन गर्ने प्रमुख सञ्चालक अर्थात् प्रश्न १.६ मा उल्लिखित प्रमुख सञ्चालकको किसिम/जाति के हो सोधी यस महलमा सो किसिम/जातिको नाम लेखी **अनुसूची ३** मा उल्लेख गरिएको सम्बन्धित किसिमको कोड लेख्नुपर्दछ ।

### १.११ उत्तरदाताको नाम

सर्वेक्षणमा सोधीएका प्रश्नको जवाफ दिने व्यक्तिलाई उत्तरदाता भनिन्छ । विवरण संकलन गर्दा प्रमुख संचालकसँग सोधी संकलन गर्नुपर्दछ । कुनै कारणले प्रमुख संचालक भेट नहुने भएमा सबै विवरण राम्रोसँग दिन सक्ने व्यवसायी/कृषकको परिवारको अर्को सदस्यसँग सोधेर भए पनि प्रश्नावली भर्न सकिन्छ । यसरी उत्तरदिने उत्तरदाताको नाम यहाँ लेख्नुपर्दछ ।

**द्रष्टव्य:**

***परिचयात्मक विवरणको अन्तिममा गणकको नाम, गणकको सही, गणना मिति, सुपरिवेक्षकको नाम, सुपरिवेक्षकको सही र सुपरिवेक्षण मिति अनिवार्यरूपले भर्नुपर्दछ ।***

## खण्ड २ : सामान्य विवरण

### २.१ यो फर्म कुनै निकायमा दर्ता गर्नुभएको छ ?

नेपालमा कुखुरापालन व्यवसाय दुई किसिमबाट सञ्चालन हुँदै आएका छन् । पहिलो दर्ता गरेर र दोस्रो दर्ता नगरीकन । व्यवसाय सञ्चालन गर्नुअघि वा सञ्चालन भैसकेपछि कुनै पनि सरकारी निकायमा वा स्थानीय निकायमा वा विकास समितिमा दर्ता गरेकोलाई दर्ता गरेको मान्नुपर्दछ । यदि दर्ता भएको भए १ मा र नभएको भए २ मा गोलो घेरा लगाई २.३ मा जानुपर्दछ । यस प्रश्नको मुख्य आशय भनेको “दर्ता भएर वा नभएर सञ्चालनमा रहेका कुखुरापालन व्यवसायहरूको अवस्था थाहा पाउनु” हो ।

### २.२ दर्ता गरेको निकाय

दर्ता गरी सञ्चालनमा रहेका फर्म कुन निकायमा दर्ता भई सञ्चालित हो सोहीमा गोलो घेरा लगाउनु पर्दछ । पशुसेवा विभाग भए १ मा, जिल्ला पशुसेवा कार्यालय भए २ मा, कम्पनी रजिष्ट्रारको कार्यालय भए ३ मा, घरेलु तथा साना उद्योग कार्यालय/विकास समिति भए ४ मा र यीबाहेक अन्य कुनै निकायमा दर्ता गरेका भए अन्य ५ मा गोलो घेरा लगाई खुलाउनु पर्दछ । एक वा एकभन्दा बढी ठाउँमा दर्ता भएको आएमा सोहीअनुसार एक वा एकभन्दा बढी ठाउँमा गोलो घेरा लगाउनु पर्दछ ।

### २.३ फर्म सञ्चालन वर्ष (विक्रम सम्वत्मा)

कुखुरापालन व्यवसायी/कृषकले व्यवसाय कुन साल (विक्रम सम्वत्) देखि शुरु गरेको हो सोही साललाई यहाँ लेख्नुपर्छ । यदि फर्म वा कुखुरापालन व्यवसाय कुनै समय बन्द भई फेरि केही समयपछि सञ्चालनमा आएको रहेछ भने पछिल्लो पटक सञ्चालन गर्दाको साल नै यहाँ उल्लेख गर्नुपर्दछ । यदि फर्मले अर्कै व्यक्ति वा संस्थासँग खरिद गरी सञ्चालन गरिरहेको रहेछ भने निजले खरिद कुन सालमा गरेको हो, सोही साललाई यहाँ उल्लेख गर्नुपर्दछ ।

### २.४ यस फर्मको स्वामित्व कस्तो प्रकारको हो ?

कुनै पनि व्यवसायको स्थापना, सञ्चालन गर्न स्वदेशी वा विदेशी व्यक्ति वा संघसंस्थाद्वारा वा संयुक्त रूपमा लगानी गरिएको हुन्छ । त्यस्तो पूँजी लगानीको हैसियतलाई स्वामित्व भन्ने बुझ्नुपर्दछ । अर्को अर्थमा “स्वामित्व” भन्नाले व्यवसायको सम्पूर्ण पूँजी र त्यसको उत्पादनको अधिकारवाला भन्ने बुझाउँछ । स्वामित्व धेरै प्रकारका हुने भए तापनि यस सर्वेक्षणमा स्वामित्वलाई ३ वर्गमा विभाजन गरिएको छ । छनोटमा परेको व्यवसाय जुन प्रकारको स्वामित्वमा रहेको छ, सोही कोडमा गोलो घेरा लगाउनुपर्दछ । यदि स्वामित्व **निजी** भन्ने आएमा **१** मा गोलो घेरा लगाई प्रश्न २.५ सोध्नुपर्दछ । यदि स्वामित्व **नेपाल सरकार** भन्ने आएमा **नेपाल सरकार २** मा गोलो घेरा लगाई प्रश्न २.५ नसोधी प्रश्न २.६ मा जानुपर्दछ । यदि स्वामित्व **अन्य** आएमा **३** मा गोलो घेरा लगाई स्वामित्व कस्तो प्रकारको हो खुलाउनु पर्दछ ।

१. निजी : नेपाल सरकारको वा कुनै विदेशी पूँजी नलगाई एकलौटी वा सगोल वा संयुक्तरूपमा पूर्ण रूपले स्वदेशको निजीक्षेत्रको पूँजीबाट नेपाली नागरिक वा कम्पनीद्वारा सञ्चालन गरिएको व्यवसायलाई स्वदेशी निजी स्वामित्व भएको मानिन्छ । जस्तैः रामु पोल्टी फर्म ।

२. नेपाल सरकार : नेपाल सरकारको पूर्ण वा अर्ध सरकारी स्वामित्वमा सञ्चालित व्यवसायहरू यसअन्तर्गत पर्दछन् । जस्तै : परवानीपुर पोल्ट्री रिसर्च सेन्टर ।

३. अन्य (खुलाउने) : माथि उल्लिखितबाहेक अन्य कुनै प्रकारको स्वामित्वको आधारमा व्यवसाय सञ्चालन भएको भए अन्य स्वामित्व अन्तर्गत लेख्नुपर्दछ र कस्तो प्रकारको स्वामित्वअन्तर्गत सञ्चालन भएको हो सोसमेत खुलाउनुपर्दछ । जस्तै विदेशी निजी, स्वदेशी निजी र विदेशी निजीको मिश्रित आदि ।

## २.५ यो फर्मको वैधानिक स्थिति कुन हो ?

कुनैपनि व्यवसाय स्थापना एवं सञ्चालन गर्दा एउटा निश्चित व्यवस्थापन पद्धतिमा रहेर वा कानुनी आधारमा टेकेर स्थापना गर्नुपर्ने हुन्छ, सोही पद्धति वा कानुनी आधारलाई यहाँ वैधानिक स्थिति भनिएको छ । व्यवसायिक कुखुरापालन सर्वेक्षण २०७१ मा वैधानिक स्थितिलाई ४ वर्गमा विभाजन गरिएको छ । सम्बन्धित व्यवसायको जुन वैधानिक स्थिति हो त्यही कोडमा गोलो घेरा लगाउनुपर्दछ । तर सरकारी निकायबाट सञ्चालित भन्ने जवाफ आएमा कोड ४ मा गोलो घेरा लगाई 'सरकारी' लेख्नुपर्दछ ।

**१. व्यक्तिगत**

कुनै एक व्यक्तिले एकलौटीरूपमा आफ्नो पूँजी लगानी गरी नाफा नोक्सानी आफैले व्यहोर्ने गरी सञ्चालन गरिएका कुखुरापालन व्यवसायहरूलाई व्यक्तिगत मानिन्छ ।

**२. साझेदारी**

दुई वा दुईभन्दा बढी व्यक्तिहरूले संयुक्त रूपमा कम, बढी वा समान पूँजी लगानी गरी नाफा नोक्सानी सगोलमा सोही अनुपातमा व्यहोर्ने भनेर गरिएको सम्झौताको आधारमा सञ्चालित व्यवसायलाई साझेदारी मानिन्छ ।

**३. प्राइभेट लिमिटेड**

व्यवसायको शेयर र डिबेन्चर शेयरवाला बाहेक अरूले खरिद बिक्री गर्न नपाउने र प्रबन्धपत्र, नियमावली वा सर्वसम्मत सम्झौतामा व्यवस्था गरेकोमा बाहेक आफ्नो धितोपत्र आफ्नै शेयरवालाहरूबाहेक अन्य व्यक्तिलाई धितोबन्धक राखी वा कुनै किसिमले हक छाड्न नहुने गरी बढीमा ५० जनासम्म मिलेर सञ्चालन गरिएको कुखुरापालन व्यवसायलाई "प्राइभेट लिमिटेड" मानिन्छ र यसको पछाडि "प्रा.लि." लेख्ने गरिन्छ ।

**४. अन्य (खुलाउने)**

माथि उल्लिखित वैधानिक स्थिति वा कानूनी आधारबाहेक अरू कुनै प्रकारले सञ्चालित व्यवसायको वैधानिक स्थिति वा कानुनी आधार वा प्रशासनिक पद्वति खुलाउनु परेमा त्यसलाई अन्यअन्तर्गत समावेश गरी खुलाउनु पर्दछ । जस्तै सरकारी ।

## २.६ यस फर्मको मुख्य उत्पादन के हो ?

नेपालमा कुखुरापालन व्यवसाय मुलतः कुखुरा (मासु) वा अण्डा वा चल्ला उत्पादन गर्ने उद्देश्यका साथ स्थापना भई सञ्चालनमा रहेका हुन्छन् । मासु वा अण्डा वा चल्लामध्ये मुख्यरूपमा के उत्पादन गर्न स्थापना गरिएको हो, त्यसलाई सोधखोज गरी उपयुक्त नम्बरमा गोलो घेरा लगाउनुपर्दछ । यहाँ मासु भन्नाले मासु प्रयोजनका लागि पालिएका कुखुराको उत्पादन भन्ने बुझ्नुपर्दछ । अर्थात् ब्रोइलर पालेको भएमा कुखुरा (मासु), लेयर्स पाल्ने भएमा अण्डा र ह्याचरीमा प्यारेन्ट कुखुरा पाल्ने भएमा चल्ला उत्पादन भन्ने बुझ्नुपर्दछ ।

सन्दर्भ अवधिमा छनोटमा परेको कुखुरापालन व्यवसायले उत्पादन गरेको वस्तु एउटा मात्र भए सोही वस्तु नै प्रमुख उत्पादित वस्तु हो । दुई वा दुईभन्दा बढी वस्तुहरू उत्पादन गर्ने भए मात्र प्रमुख उत्पादन कुन हो भनी छुट्याउनुपर्ने प्रश्न खडा हुन्छ । फर्मले एकभन्दा बढी उत्पादन गरिरहेको अवस्थामा "मुख्य उत्पादन" केलाई मान्ने भनि द्विविधा भएको अवस्थामा सन्दर्भअवधिमा **"आम्दानीको हिसाबले सबैभन्दा बढी आर्जन हुने अर्थात् जुन उत्पादित वस्तुको कुल वार्षिक परिमाणको मूल्य बढी हुन्छ सोही उत्पादित वस्तुलाई"** मुख्य उत्पादन मानी सोही बमोजिम विवरणहरू उल्लेख गर्नुपर्दछ । यहाँ वस्तु भन्नाले मासु वा अण्डा वा चल्लामध्ये कुनै एकलाई जनाउँछ ।

### २.७ यस फर्ममा भएका कुखुराको बीमा गर्नुभएको छ ?

फर्म/व्यावसायीको खोर/टहरा तथा कुखुरामा प्राकृतिक प्रकोप जस्तैः बाढी, पहिरो, चट्याङ्ग, आगलागी आदि तथा विभिन्न महामारी रोगका कारण क्षति पुग्न सक्ने हुन्छ । अतः यस्तो अवस्थामा व्यावसायीले आफ्नो व्यवसाय सुरक्षित राख्न फर्म/व्यावसायको खोर/टहरा तथा कुखुराको बीमा गरेको छ छैन सोधी छ भने १ मा र छैन भने २ मा गोलो घेरा लगाउनु पर्दछ ।

## खण्ड ३ : रोजगारी

यस खण्डअर्न्तगत छानिएका कुखुरापालन व्यवसायको रोजगारीको अवस्थासम्बन्धी विवरणहरू सङ्कलन गरिन्छ । सन्दर्भ अवधिमा कुखुरापालन व्यवसायमा नियमित रूपमा कार्य गर्ने स्थायी (पूर्णकालीन) तथा अस्थायी (आंशिक) कर्मचारीहरूको विवरण र ती कर्मचारीहरूलाई उपलब्ध गराइएको वार्षिक तलबभत्ता, चाडपर्व खर्च तथा अन्य सुविधाहरू एकमुष्ठ लेख्नुपर्दछ । कुखुरापालन व्यवसायमा संलग्न व्यक्ति जसले नगद, जिन्सी वा अन्य कुनै शर्तमा पारिश्रमिक लिएर वा नलिएर काम गर्ने गर्दछन् त्यस्ता व्यक्तिहरूलाई नै कामदार भनिन्छ ।

**स्थायी कामदारः** पारिश्रमिक दिएर सन्दर्भ अवधिभित्र कुखुरापालन व्यवसायमा नियमितरूपले काम गर्न लगाइएको व्यक्तिलाई स्थायी कामदार भनिन्छ । सन्दर्भ अवधिभित्र काम गरेको जम्मा दिनको (साधारणतया ६ महिना वा सोभन्दा बढी) आधारमा स्थायी र अस्थायी कामदार छुट्ट्याउने गरिन्छ तापनि मूल रूपमा काम लगाउने व्यक्तिले उसलाई जुन रूपको कामदार भन्छ, सोहीअनुसार स्थायी वा अस्थायी मान्नु पर्दछ । कामदारले **पारिश्रमिकको रुपमा तोकिएको जिन्सी वा नगद जुनसुकै लिएको हुनसक्दछ ।**

**अस्थायी कामदार :** अस्थायी कामदार भन्नाले सन्दर्भ अवधिभित्र पारिश्रमिक दिएर पटकपटक वा एकपटक मात्र उक्त व्यवसायमा काम लगाएको व्यक्ति हो र निजले नियमित रूपमा सोही व्यवसायमा काम गर्ने अपेक्षा गरिएको हुँदैन । छोटकरीमा, दैनिक रूपमा ज्याला दिने गरी व्यवसायमा लगाइएको व्यक्तिलाई अस्थायी कामदार मान्नुपर्दछ ।

**कुनै कामदार "स्थायी वा अस्थायी" के हो भनी छुट्ट्याउन मुलतः उसले कुन शर्तमा काम गरेको छ भन्ने कुरालाई नै आधार मान्नुपर्दछ ।**

### ३.१ रोजगारी सम्बन्धी विवरण

**महल १ (क्रमसंख्या)**

यो एक सिलसिलेवार नम्बर हो ।

**महल २ (विवरण)**

यस महलमा कुखुरापालन व्यवसायमा रोजगारीका आधारमा संलग्न हुने विभिन्न तहका स्थायी तथा अस्थायी कर्मचारीहरुलाई क्रमैसँग लेखिएको छ । जुन निम्नप्रकार छन् ।

१. **सञ्चालक/परिवारका सदस्य** : कुनैपनि प्रकारको पारिश्रमिक नलिई हप्ताको कम्तिमा १६ घण्टा ( साधारणतया काम गरिने समयको एक तिहाइ) काम गर्ने गरी सञ्चालक वा परिवारका सदस्यहरु व्यवसायको कार्यमा संलग्न भएका रहेछन् भने तिनीहरूको संख्यालाई लिङ्ग अनुसार महिला, पुरुष छुट्टयाई सम्बन्धित महलमा लेख्नुपर्दछ ।

२. **व्यवस्थापकीय/प्रशासकीय कर्मचारी :** कुखुरापालन व्यवसायको प्रशासन, लेखा तथा व्यवस्थापनसँग संलग्न रहेका कर्मचारीहरू, व्यवसायको सुरक्षाका लागि राखिएका संस्थाबाटै तलब खाने सुरक्षा गार्ड आदि यस अन्तर्गत पर्दछन् । कर्मचारीको संख्या उल्लेख गर्दा लिङ्गअनुसार सम्बन्धित महलमा भर्नुपर्दछ । तलब लिएर व्यावसायमा काम गर्ने परिवारका सदस्यसमेत यसैअन्तर्गत पर्दछन् ।

३. **प्राविधिक कर्मचारी :** कुनै औपचारिक तालिम वा दक्षता प्राप्त गरेका कर्मचारीहरूलाई प्राविधिक कर्मचारीअन्तर्गत समावेश गर्नुपर्दछ । जस्तैः पशु चिकित्सक, जे.टी., जे.टी.ए. आदि ।

४. **उत्पादनशील कर्मचारी :** उत्पादनशील कर्मचारी भन्नाले व्यवसायको उत्पादनको कार्यमा प्रत्यक्षरुपमा संलग्न कर्मचारीहरू भन्ने बुझिन्छ । जस्तैः अण्डा संकलन गर्ने, कुखुरालाई दाना खुवाउने, कुखुराको हेरचाह गर्ने आदि जस्ता कार्य गर्ने कामदारहरु यसअन्तर्गत पर्दछन् ।

**महल ३, ४ र ५ (स्थायी कामदार विवरण)**
यी महल अन्तर्गत महल २ मा रोजगारीका आधारमा संलग्न हुने विभिन्न तहका स्थायी कर्मचारीहरुको संख्यालाई लिङ्गअनुसार पुरुष र महिला छुट्टयाई क्रमशः ३ र ४ महलमा लेख्नुपर्दछ । यिनले पाउने वार्षिक तलब, भत्ता तथा अन्य सुविधासहित एकमुष्ठ जोडी वार्षिक रकम महल ५ मा लेख्नुपर्दछ ।

**तलब/ज्याला :** “कर्मचारीको तलब” भन्नाले कुखुरापालन व्यवसायमा काम गरेबापत नियमानुसार पाउने नगद वा जिन्सी हो । कर्मचारीहरूले आफ्नो काम गरेको प्रत्येक महिना वा तोकेको अवधिबमोजिम निश्चित समयमा तलब/ज्याला पाउने हुन्छन । तलब/ज्यालाअन्तर्गत मासिकरुपमा नियमित रूपले उपलब्ध गराइएको तलब तथा ग्रेडको वार्षिक रकम, ओभरटाइम काम गरेबापत भुक्तानी गरेको रकम, कर्मचारीलाई सीधै उपलब्ध गराइएको कमिशन तथा टिप्स, महङ्गी भत्ता, बोनस आदि रकमहरू समावेश गर्नुपर्दछ ।

**अन्य सुविधा :** कर्मचारीहरूले काम गरेबापत तलब/ज्यालाको अतिरिक्त अन्य सुविधाहरू पनि पाउन सक्दछन् । कर्मचारीहरूलाई तलब/ज्यालामा समावेश नगरी दिइएका अन्य सबै नगदी वा जिन्सी भुक्तानीलाई सुविधामा समावेश गर्नुपर्दछ । जस्तैः कर्मचारीलाई दिइएको आवास सुविधा, लत्ताकपडा सुविधा, जिन्सी सुविधा, उपचार सुविधा, सवारी साधन सुविधा, कर्मचारी दुर्घटना बीमा, उपदान, बच्चाहरूको लागि दिइएका शैक्षिक खर्च, मासिक वा पाक्षिक वा कहिलेकहीँ खान दिइएको कुखुरा, आदि सुविधाहरू बापत हुन आउने रकम अन्य सुविधाअन्तर्गत पर्दछ ।

वार्षिक तलब तथा अन्य सुविधाको रकमको श्रेस्ता नराखेको वा फेला नपरेको अवस्थामा कर्मचारीको संख्या र किसिमअनुसार तलब/ज्याला र अन्य सुविधाको मासिक वा भुक्तानीका लागि तोकिएको अवधिअनुसार रकम सोधेर सोको आधारमा वार्षिक तलब तथा अन्य सुविधाको रकम निकाल्नुपर्दछ । यसमा जम्मा वार्षिक तलब/ज्याला र अन्य सुविधाको रकम कर्मचारीको लिङ्ग र कर्मचारीको किसिम अनुसारका सम्बन्धित महल तथा लहरहरूमा लेख्नुपर्दछ ।

**महल ६, ७, ८ र ९ (अस्थायी कामदार विवरण)**
यी महल अन्तर्गत महल २ मा रोजगारीका आधारमा संलग्न हुने विभिन्न तहका अस्थायी कर्मचारीहरु (खासगरी प्राविधिक तथा उत्पादनशील कर्मचारी) को संख्यालाई लिङ्ग अनुसार पुरुष र महिला छुट्टयाई पुरुषको व्यक्ति दिन संख्या महल ६ मा र प्रतिदिन औसत ज्याला महल ७ मा लेख्नुपर्दछ । त्यसैगरी महिला अस्थायी कामदारको व्यक्ति दिन संख्या महल ८ मा र प्रतिदिन औसत ज्याला महल ९ मा लेख्नुपर्दछ ।

एक व्यक्तिले एक दिनमा गरेको कामलाई एक व्यक्तिदिन मानिन्छ । एक व्यक्तिले ४ दिन काम गरेको छ भने उसले काम गरेको व्यक्तिदिन सङ्ख्या ४ हुन्छ । तीन जनाले ५ दिन काम गरेको भए जम्मा व्यक्तिदिन सङ्ख्या १५ (३ X ५=१५) हुन्छ । व्यक्तिदिन संख्या गणना गर्दा सामान्यतया ८ घण्टाको अवधिलाई एक व्यक्तिदिन मानी गणना गर्नुपर्दछ ।
मौसमअनुसार प्रतिदिनको ज्याला फरकफरक हुनसक्ने हुनाले वर्षभरिको दरभाउ हिसाब गरी औसत प्रतिदिनको ज्याला कति हुन आउँछ त्यही ज्यालालाई नै यहाँ उल्लेख गर्नुपर्दछ ।

## खण्ड ४ फर्ममा रहेका कुखुरा संख्याः

यस खण्डमा गणनाको दिन फर्ममा रहेका कुखुराको किसिमअनुसार संख्या, चल्ला किनेर ल्याइएको स्रोत तथा कुखुरामा कुनकुन रोगका लागि भ्याक्सिन प्रयोग गरियो भन्ने विवरण संकलन गरिनेछ ।

### ४.१ किसिमअनुसार कुखुरा विवरणः

प्रश्नावलीको यो भाग कुखुरा (मासु) तथा अण्डा उत्पादन गर्ने उद्देश्यले कुखुरापालन व्यवसाय सञ्चालन गर्ने व्यवसायीसँग मात्र सम्बन्धित छ ।

**महल १ (गणनाको दिन फर्ममा रहेका कुखुराको किसिम)**
यस महलमा कुखुरा (मासु) तथा अण्डा उत्पादनका लागि व्यवसायिक रुपमा पालिने कुखुराका विभिन्न किसिमहरु (ब्रोइलर, लेयर्स र गिरिराज/कोइलर र अन्य किसिम लेखिएका छन् । यी विभिन्न किसिमको परिभाषा यसप्रकार छ ।

**ब्रोइलर :** ब्रोइलर कुखुराहरु नेपालका विभिन्न स्थानमा सानो तथा ठूलो परिमाणमा व्यवसायिक रुपमा पालिँदै आएका छन् । ब्रोइलर कुखुरा मुख्यतया मासुको लागि पालिन्छ । यी कुखुराहरुको शारिरिक बृद्धि असाध्यै छिटो हुने हुँदा यसलाई साधारणतया ४५ दिनसम्म पालेर बेचिन्छ । यस अवधिमा यी कुखुराको सामान्यतया तौल १.५ देखि २.५ के.जी.सम्म हुने गर्छ । यस्तो उमेरको ब्रोइलरको मासु नरम तथा कलिलो हुन्छ । ब्रोइलर कुखुराको केही जातहरु यसप्रकारका छन् : मासेल, कव १००, कव ५००, कसिला, हाईब्रो, रोस आदि ।

**लेयर्स :** अण्डा उत्पादनको लागि पालिने कुखुराहरुलाई लेयर्स भनिन्छ । लेयर्स कुखुराहरु नेपालका विभिन्न स्थानमा सानो तथा ठूलो परिमाणमा व्यवसायिक रुपमा पालिँदै आएका छन् । यो कुखुरा व्यवस्थित रुपमा पालन गरिएको अवस्थामा सामान्यतः १८ देखि २० हप्ताको उमेरमा अण्डा पार्न शुरु गरी ७० हप्ताको उमेरसम्म अण्डा पार्दछन् । यिनीहरुको सरदर अण्डा उत्पादन ३१० वटा प्रति कुखुरा रहेको पाइएको छ । लेयर्स कुखुराको केही जातहरु यसप्रकारका छन् : कि-स्टोन, व्यवकक, ल्होमेन, हाईलाइन आदि ।

**गिरिराज/कोइलर :** यो अण्डा र मासु दुवैको लागि पालिने विशेष किसिमको कुखुरा हो । यसलाई खास गरी छाडा छोडेर वा अर्ध छाडा छोडी पाल्ने गरिन्छ । यो कुखुरा अरुभन्दा रोग विरुद्ध लड्न सक्ने र गाउँघरमा पाइने घाँस, सागपात र अन्य खेर गएको दाना खाएर पनि अण्डा, मासु राम्ररी दिन सक्ने कुखुरा हो ।

**अन्य :** माथि उल्लिखित कुखुराका किसिमबाहेक अन्य प्रकारका कुखुरा यसअन्तर्गत पर्दछन । जस्तै : काठमाडौँ लोकल, अष्टलोप, न्यूह्याम्पसायर आदि ।

**महल २ (कोड)**

यस महलमा महल १ मा उल्लेख गरिएको ब्रोइलर कुखुराको लागि ४११, लेयर्स कुखुराको लागि ४१२, गिरीराज/कोइलर कुखुराको लागि ४१३ र अन्य कुखुराको लागि ४१४ कोड लेखिएको छ । प्रश्नावलीको खण्ड ५ फर्मको उत्पादन तथा बिक्रीअन्तर्गत यी कुखुराहरुको कोड लेख्ने स्थानमा अनिवार्यरुपले यही कोड नै लेख्नुपर्ने हुन्छ ।

यस महलमा महल १ मा उल्लेख गरिएको विभिन्न किसिमका कुखुराको कोड लेखिएको छ । जस्तैः ब्रोइलर ४११, लेयर्स ४१२, गिरीराज/कोइलर ४१३ र अन्य ४१४ । प्रश्नावलीको खण्ड ५ फर्मको उत्पादन तथा बिक्रीअन्तर्गत कुखुराहरुको किसिमअनुसार कोड लेख्नुपर्ने ठाउँहरुमा अनिवार्यरुपले माथि उल्लेख गरिएको कोड नै लेख्नुपर्ने हुन्छ ।

**महल ३ (गणनाको दिन फर्ममा रहेका कुखुराको संख्या)**

गणनाको दिन फर्ममा रहेका जम्मा जम्मी कुखुरा (माउ/चल्ला) संख्या सोधी एकीन गरी महल २ मा उल्लेख भएका किसिमअनुसार छुट्टाछुट्टै यस महलमा लेख्नुपर्दछ ।

**महल ४ (फर्मले चल्ला कहँबाट किन्ने गरेको छ ?)**

यस महलमा फर्ममा पालिएका कुखुराका चल्ला कहाँ किनिएको हो, सोधी स्वदेशमै किनेको भए १, विदेशबाट आयात गरेको भए २ र स्वदेश र विदेश दुवैबाट किनेको भए ३ मा गोलो घेरा लगाउनु पर्दछ ।
यहाँ विचार पुऱ्याउनु पर्ने कुरा के छ भने हाल कुखुरापालनका लागि ब्रोइलर तथा लेयर्स किसिमका चल्ला नेपालमै उत्पादन हुने भए तापनि तराईका सीमावर्ती जिल्लाहरुमा भारतबाट सीधै चल्ला ल्याई पाल्ने गरेको पाइन्छ । यस्तो अवस्थामा पनि चल्ला किनिएको स्रोतमा विदेश नै हुने हुँदा २ मा गोलो घेरा लगाउनुपर्दछ ।

**महल ५ (फर्मले कुनकुन रोगका लागि भ्याक्सिन प्रयोग गरेको थियो ?)**

यस महलमा कुखुरा पाल्दा विभिन्न रोगविरुद्ध भ्याक्सिनको प्रयोग भएको हुन सक्छ । कुनकुन रोग विरुद्ध भ्याक्सिन दिइएको हो सोको आधारमा सम्बन्धित रोगमा गोलो घेरा लगाउनुपर्दछ । जस्तै रानीखेत विरुद्ध भ्याक्सिनको प्रयोग भएको भए १ मा गोलो घेरा लगाउनुपर्दछ । यसरी नै गम्बोरो रोग भए २ मा, मेरेक्स/लिकोसिस भए ३ मा, कक्सिडियोसिस भए ४ मा, सि.आर.डि. भए ५ मा र सोबाहेक अन्य कुनै रोगविरुद्ध खोपको प्रयोग भएको भए रोगको नाम खुलाई अन्यको ६ मा गोलो घेरा लगाउनुपर्दछ । यस महलमा एकभन्दा बढी उत्तर आएमा तत्तत् रोगहरुमा गोलो घेरा लगाउनुपर्दछ अर्थात् यसमा बहुउत्तर सम्भव छ ।

## ४.२ ह्याचरीमा रहेका प्यारेन्ट कुखुराको विवरण

***प्रश्नावलीको यो भाग ह्याचरीसँग मात्र सम्बन्धित छ ।***

**महल १ (गणनाको दिन ह्याचरीमा रहेका प्यारेन्ट कुखुराको किसिम)**

यस महलमा चल्ला उत्पादनका लागि व्यवसायिक रुपमा पालिने प्यारेन्ट कुखुराका विभिन्न किसिमहरु प्यारेन्ट (ब्रोइलर), प्यारेन्ट (लेयर्स) किसिम लेखिएको छ । यी कुखुराको किसिमको परिभाषा यसप्रकार छ ।

**प्यारेन्ट (ब्रोइलर) :** ब्रोइलर कुखुराका चल्ला उत्पादन गर्नका लागि पालिएका प्यारेन्टहरु यसअन्तर्गत पर्दछन् । ह्याचरीहरुले यी प्यारेन्ट पाल्नका लागि विदेशबाट पनि चल्ला आयात गर्दछन् ।

**प्यारेन्ट (लेयर्स) :** लेयर्स कुखुराका चल्ला उत्पादन गर्नका लागि पालिएको प्यारेन्टहरु यसअन्तर्गत पर्दछन् । ह्याचरीहरुले यी प्यारेन्ट पाल्नका लागि विदेशबाट पनि चल्ला आयात गर्दछन् ।

**ग्राण्ड प्यारेन्ट (लेयर्स) :** प्यारेन्ट कुखुरा उत्पादन गर्न पालिएका कुखुराहरु यसअन्तर्गत पर्दछन् ।

**महल २ (कोड)**

यस महलमा महल १ मा उल्लेख गरिएको प्यारेन्ट कुखुरा ब्रोइलरका लागि कोड ४२१ र प्यारेन्ट कुखुरा लेयर्सका लागि ४२२ कोड लेखिएको छ । प्रश्नावलीको खण्ड ५ फर्मको उत्पादन तथा बिक्रीअन्तर्गत प्यारेन्ट ब्रोइलर र प्योरन्ट लेयर्स कुखुराहरुको कोड लेख्ने स्थानमा अनिवार्यरुपले यही कोड नै लेख्नुपर्ने हुन्छ ।

**महल ३ (गणनाको दिन ह्याचरीमा रहेका प्यारेन्ट कुखुराको संख्या)**

गणनाको दिन फर्ममा रहेका जम्माजम्मी प्यारेन्ट कुखुरा (साना/ठूला) संख्या सोधी एकीन गरी महल २ मा उल्लेख भएका किसिमअनुसार छुट्टाछुट्टै यस महलमा लेख्नुपर्दछ ।

**महल ४ ( ह्याचरीले प्यारेन्ट चल्ला कुन देशबाट किन्ने गरेको छ ?)**

यस महलमा ह्याचरीमा पालिएका प्यारेन्ट कुखुराका चल्ला कुनदेशबाट आयात गरिएको हो, सोधी देशको नाम लेख्नुपर्दछ । सामान्यतया प्यारेन्ट कुखुराको लागि चल्ला अमेरिका, फ्रान्स, हङ्गेरी, भारत आदि देशबाट आयात गर्ने गरिन्छ ।

**महल ५ (ह्याचरीले मुख्यरुपमा चल्ला कसलाई बिक्री गर्दछ ?)**

यस महलमा ह्याचरीले उत्पादन गरेका चल्लाहरु थोक व्यापारीलाई बिक्री गर्ने गेरेको भए १ मा, खुद्रा व्यापारीलाई बिक्री गर्ने गरेको भए २ मा र सीधै कुखुरापालक व्यावसयीलाई बिक्री गर्ने गरेको भए ३ मा गोलो घेरा लगाउनु पर्दछ । यहाँ थोक व्यापारी भन्नाले दाना तथा चल्ला सप्लाई गर्ने ठूला डिलर तथा एग्रोभेट भन्ने बुझ्नु पर्दछ । त्यसै गरी खुद्र व्यापारी भन्नाले दाना तथा चल्ला सप्लाई गर्ने सब डिलर भन्ने बुझ्नु पर्दछ ।

यदि कुनै फर्मले आफ्नो उत्पादन मिश्रितरुपमा अर्थात् माथिका सबैलाई बिक्री गर्ने गरेको भएमा मूल्यको आधारमा सबभन्दा बढी जसलाई बिक्री गर्ने गरेको छ, त्यसमा गोलो घेरा लगाउनु पर्दछ ।

**महल ६ (ह्याचरीले प्यारेन्ट कुखुरामा कुन कुन रोगका लागि भ्याक्सिन प्रयोग गरेको थियो ?)**

यस महलमा प्यारेन्ट कुखुरा पाल्दा विभिन्न रोगविरुद्ध भ्याक्सिनको प्रयोग भएको हुन सक्छ । कुनकुन रोगविरुद्ध भ्याक्सिन दिइएको हो सोको आधारमा सम्बन्धित रोगमा गोलो घेरा लगाउनुपर्दछ । जस्तै रानीखेत विरुद्ध भ्याक्सिनको प्रयोग भएको भए १ मा गोलो घेरा लगाउनुपर्दछ । यसरी नै गम्बोरो रोग भए २ मा, मेरेक्स/लिकोसिस भए ३ मा, कक्सिडियोसिस भए ४ मा, सि.आर.डि. भए ५ मा र सोबाहेक अन्य कुनै रोगविरुद्ध खोपको प्रयोग भएको भए रोगको नाम खुलाई अन्यको ६ मा गोलो घेरा लगाउनुपर्दछ । यस महलमा एकभन्दा बढी उत्तर आएमा तत्तत् रोगहरुमा गोलो घेरा लगाउनुपर्दछ अर्थात् यसमा बहुउत्तर सम्भव छ ।

## खण्ड ५. फर्मको उत्पादन तथा बिक्री

यस खण्डमा फर्मले कुखुरा (मासु), अण्डा तथा चल्ला उत्पादनका लागि पालिएका कुखुराको संख्या तथा तिनबाट भएको मासु, अण्डा तथा चल्ला उत्पादनसम्बन्धी विवरण संकलन गरिनेछ । साथै सह–उत्पादनको रुपमा उत्पादित सुलीको विवरणसमेत संकलन गरिन्छ ।

### ५.१ सन्दर्भ अवधिमा मासु उत्पादन तथा बिक्रीसम्बन्धी विवरण

यसअर्न्तगत फर्मले मासु प्रयोजनका लागि पालेका विभिन्न किसिमका कुखुरासम्बन्धी विवरण सोधी ती विवरणहरु सम्बन्धित महल तथा लहरहरुमा भर्नुपर्दछ । मासु उत्पादनका लागि खास गरी ब्रोइलर तथा गिरिराज/कोइलर किसिमका कुखुरा पाल्ने गरिन्छ ।

**महल १ (सन्दर्भ अवधिमा पालिएको कुखुराको किसिम)**

यस महलमा मासु उत्पादन प्रयोजनका लागि पालेका कुखुराको किसिम लेख्नु पर्दछ । यसरी कुखुराको किसिम लेख्दा ब्रोइलर पालिएको भएमा पहिलो लहरमा अनिवार्यरुपमा ब्रोइलर नै लेख्नुपर्दछ । यसरी पहिलो लहरमा ब्रोइलर लेखी त्यसको विवरण लिएपछि तलका लहरहरुमा मासु प्रयोजनका लागि पालिएका अन्य किसिमअनुसार विवरण लिनु पर्दछ ।

**महल २ (कोड)**

यस महलमा महल १ मा लेखिएका कुखुराको किसिम अनुसारको कोड लेख्नु पर्दछ । यहाँ कोड लेख्दा उक्त किसिमको कुखुराको खण्ड ४ को महल १ (क्रमसंख्या) मा जुन क्रमसंख्या छ त्यही नै उक्त किसिमको कुखुराको कोड हुने भएकाले सोही संख्या कोडका रुपमा यस महलमा लेख्नुपर्दछ ।

**महल ३ (सन्दर्भ अवधिमा पालिएको लट क्रमसंख्या)**

यस महलमा सन्दर्भ अवधिमा फर्मले पालेका कुखुराहरुको लट नम्बर लेख्नुपर्दछ । यहाँ विवरण लिँदा पहिलो लहरमा सधैँ ब्रोइलरको विवरण लिइने र एउटै खोरमा १ वर्षको अवधिमा बढीमा ६ लटसम्म ब्रोइलर पाल्न सकिने भएका कारण लटअनुसार छुट्टाछुट्टै विवरण लिनका लागि लहरको व्यबस्था गरिएको छ । अतः ब्रोइलर कुखुराको हकमा लिइने सम्पूर्ण विवरण लटअनुसार छुट्टाछुट्टै लिई भर्नु पर्दछ ।

यदि उक्त फर्मले ब्रोइलरको साथै गिरीराज/कोइलर पनि मासुका लागि पालेको रहेछ भने ब्रोइलरको लट अनुसारको विवरण लिइसकेपछि मात्र गिरीराज/कोइलरको विवरण लिनुपर्दछ ।

**महल ४ (सन्दर्भ अवधिमा पालिएको कुखुरा संख्या)**

यस महलमा फर्मले सन्दर्भ अवधिमा पालेका कुखुराको किसिम र लटअनुसार जम्मा संख्या लेख्नुपर्दछ । लट भन्नाले एकै मिति र समयमा ल्याई पालिएका सम्पूर्ण चल्लाहरुको समूहलाई बुझाउँदछ । उदाहरणका लागि कुनै एक व्यवसायीले एकपटक ७०० चल्ला ल्याइ पालेको र दोस्रो पटक केही समयको अन्तरालमा अर्को ५०० चल्ला ल्याई पालेको भएमा यहाँ पहिलो लटमा चल्ला संख्या ७०० र दोस्रो लटमा चल्ला संख्या ५०० भएको मानिन्छ ।

**महल ५ (मृत्यु संख्या)**

यस महलमा फर्मले मासु प्रयोजनका लागि पालेका कुखुराको किसिम र लटअनुसार चल्ला कति संख्यामा ल्याएको थियो र पाल्ने क्रममा विभिन्न कारणले कति संख्यामा तिनको मृत्यु भयो उक्त संख्या सोधी लेख्नु पर्दछ ।

**महल ६ (बिक्री गर्दा कुखुराको उमेर, दिनमा)**

यस महलमा फर्मले मासु प्रयोजनका लागि पालेका कुखुराहरु पालेको कति दिनपछि बिक्री गर्‍यो, सो दिन संख्या लटअनुसार छुट्टाछुट्टै लेख्नुपर्दछ । यदि एकै लटका कुखुरा पनि एकै समयमा बिक्री नगरी पटकपटक बिक्री गरेको भएमा पटक अनुसारको दिन जोडी औसत दिन कायम गरी लेख्नुपर्ने हुन्छ ।

**महल ७ (सन्दर्भ अवधिमा घरायसी उपभोग गरिएको कुखुरा संख्या)**

यस महलमा किसिम र लटअनुसार सन्दर्भ अवधिमा घरायसी उपभोग गरिएको जम्मा कुखुरा संख्या लेख्नुपर्दछ । घरायसी उपभोग भन्नाले आफुले घरमा खाएको, आफ्ना नातागोता, इष्टमित्रहरुलाई उपहारस्वरुप दिइएको कुखुराहरुलाई बुझाउँदछ ।

**महल ८ (सन्दर्भ अवधिमा बिक्री गरिएको कुखुरा संख्या)**
यस महलमा किसिम र लटअनुसार सन्दर्भ अवधिमा बिक्री गरिएको जम्मा कुखुरा संख्या लेख्नुपर्दछ ।

**महल ९ (सन्दर्भ अवधिमा कुखुरा बिक्रीबाट प्राप्त रकम रु.)**
यस महलमा कुखुराको किसिम र लटअनुसार महल ७ मा उल्लेखित कुखुरा संख्या बिक्रीबाट जम्मा कति रकम प्राप्त भयो लेख्नुपर्दछ ।

**महल १० (जिउँदो बिक्री गर्दा प्रतिकुखुरा औसत तौल के.जी.मा)**
यस महलमा जिउँदै बिक्री गरिएका कुखुराहरुको लटअनुसार प्रतिकुखुरा औसत तौल कति थियो सोधी किलोग्राममा लेख्नुपर्दछ । एउटै लटको कुखुरा पनि पटकपटक बिक्री गरिएको हुनसक्छ यदि त्यसो भएमा पटक अनुसारको तौल र कुखुरा संख्या जोडी औसत तौल कायम गरी लेख्नुपर्ने हुन्छ । कुखुराको तौल लेख्दा **जिउँदो कुखुराको औसत तौल २ किलो ४०० ग्राम भएमा २.४** लेख्नुपर्दछ ।

**महल ११ (जिउँदो बिक्री गर्दा प्रति के.जी. कुखुराको औसत मूल्य रु.)**
यस महलमा फर्मले जिउँदो कुखुरा बिक्री गर्दा सरदर प्रति किलोग्राम कति मूल्यमा बिक्री गरेको हो, सोधी प्रति किलोको मूल्य लेख्नुपर्दछ ।
कुखुराको बिक्री मूल्य समय र लटअनुसार फरकफरक हुन सक्दछ । एकै लटका कुखुरा पनि एकै समयमा बिक्री नगरी पटकपटक बिक्री गरेको र मूल्य पटकैपिच्छे फरक भएमा पटक अनुसारको मूल्य तथा कुखुरा संख्या जोडी औसत मूल्य कायम गरी लेख्नुपर्ने हुन्छ ।

उदाहरणको लागि एकै लटका ५०० कुखुरामध्ये २०० कुखुराको जम्मा तौल ४७५ के.जी. को प्रति के.जी. रु. १६०।- का दरले र केही दिनपछि बाँकी ३०० कुखुराको जम्मा तौल ६०० के.जी.को प्रति के.जी. रु. १५०।- का दरले बिक्री गरेको रहेछ भने पहिलो बिक्रीबाट रु.७६,०००।- (४७५X१६० = रु.७६,०००।-) र दोस्रो बिक्रीबाट रु. ९०,०००।- (६००X१५० = रु.९०,०००।-) गरी जम्मा रु. १,६६,०००।- हुन आउँछ । ती ५०० कुखुराको जम्मा तौल १०७५ (४७५ + ६०० = १०७५) हुन आउँछ । अब औसत मूल्य कायम गर्न जम्मा मूल्य १,६६,०००। लाई जम्मा तौल १०७५ ले भाग गरी निकालिन्छ । जुन प्रतिकेजी रु. १५४।४२ हुन आउँछ । यसरी यस महलमा प्रति के.जी. मूल्य लेख्दा पैसा नलेखी रु.मा मात्र लेख्नु पर्दछ । माथिको उदाहरण अनुसार प्रति के.जी. मूल्य रु. १५४। लेख्नुपर्दछ ।

**५.२ सन्दर्भ अवधिमा अण्डा उत्पादन तथा बिक्रीसम्बन्धी विवरण**
प्रश्नावलीको यस भागमा फर्मले अण्डा उत्पादन गर्ने उद्देश्यले पालेका कुखुराहरुको किसिमअनुसार विवरण संकलन गरिन्छ । अण्डा उत्पादनका लागि प्राय लेयर्स पालिने भए तापनि कोइलर तथा अन्य किसिम जस्तैः अष्टलोप र न्यूह्याम्पसायर पनि अण्डा उत्पादनका लागि पालिएको हुन सक्दछ । यी किसिमका कुखुराहरुको अण्डा उत्पादनसम्बन्धी विवरण यहाँ उल्लेख गर्नुपर्दछ ।

**महल १ (सन्दर्भ अवधिमा पालिएको कुखुराको किसिम)**
यस महलमा अण्डा उत्पादन प्रयोजनका लागि पालेका कुखुराको किसिम लेख्नुपर्दछ । यसरी कुखुराको किसिम लेख्दा लेयर्स पालिएको भएमा पहिलो लहरमा अनिवार्यरुपमा लेयर्स नै लेख्नुपर्दछ ।
यसरी पहिलो लहरमा लेयर्स लेखी त्यसको विवरण लिएपछि तलका लहरहरुमा अण्डा प्रयोजनका लागि पालिएका अन्य किसिमअनुसार विवरण लिनुपर्दछ ।

**महल २ (कोड)**
यस महलमा महल १ मा लेखिएका कुखुराको किसिम अनुसारको कोड लेख्नु पर्दछ । यहाँ कोड लेख्दा उक्त किसिमको कुखुराको भाग ४.१ को महल १ (क्रमसंख्या) मा जुन क्रमसंख्या छ त्यही नै उक्त किसिमको कुखुराको कोड हुने भएकाले सोही संख्या कोडका रुपमा लेख्नुपर्दछ ।

**महल ३ (सन्दर्भ अवधिमा पालिएको कुखुराको लट क्रमसंख्या)**
यस महलमा सन्दर्भ अवधिमा फर्मले पालेका कुखुराहरुको लट नम्बर लेख्नुपर्दछ । यहाँ विवरण लिदा पहिलो लहरमा सँधै लेयर्सको विवरण लिइसकेपछि मात्र अन्य किसिमको बारेमा विवरण लिनुपर्दछ । साधारणतया अण्डा उत्पादनका लागि

पालिने कुखुराको हकमा एउटा खोरमा सन्दर्भ अवधिभरमा एक लट मात्र कुखुरा पालिएको हुन्छ । कुनैकुनै फर्मले एक भन्दा बढी खोरमा छुट्टा छुट्टै कुखुरा पालेको भए यस्तो अवस्थामा ती छुट्टा छुट्टै खोरमा पालिएका कुखुरालाई छुट्टा छुट्टै लट मानी विवरण संकलन गर्नुपर्दछ ।

**महल ४ र ५ (सन्दर्भ अवधिमा पालिएको कुखुरा संख्या–अण्डा दिने, अण्डा नदिने)**

यस महलमा लट अनुसार कुखुराको संख्या लिँदा सन्दर्भ अवधिमा अण्डा दिइरहेका कुखुराको संख्या महल ४ मा र अण्डा नदिने कुखुराको संख्या महल ५ मा लेख्नुपर्दछ । अण्डा नदिने कुखुरा भन्नाले अण्डा दिने उमेर नपुगेका अर्थात् अण्डा दिन शुरु नगरेका कुखुरालाई जनाउँदछ ।

**महल ६ (मृत्यु संख्या)**

यस महलमा फर्मले अण्डा उत्पादन प्रयोजनका लागि पालेका कुखुराको किसिम र लटअनुसार चल्ला कति संख्यामा ल्याएको थियो र पाल्ने क्रममा विभिन्न कारणले कति संख्यामा तिनको मृत्यु भयो उक्त संख्या सोधी यस महलमा लेख्नुपर्दछ ।

**महल ७ (अण्डा दिन शुरु गर्दा कुखुराको उमेर, हप्तामा)**

यस महलमा फर्मले अण्डा उत्पादन प्रयोजनका लागि पालेका कुखुराहरुले पालेको कति हप्तापछि अण्डा दिन शुरु गऱ्यो, सो हप्ता संख्या लटअनुसार छुट्टाछुट्टै लेख्नुपर्दछ ।

**महल ८ (सन्दर्भ अवधिमा जम्मा उत्पादित अण्डा संख्या, केटमा)**

यस महलमा फर्मले सन्दर्भ अवधिमा पालिएका कुखुराबाट जम्मा कति अण्डा उत्पादन भयो, सोधी लटअनुसार जम्मा उत्पादित अण्डा संख्या यस महलमा उल्लेख गर्नुपर्दछ । अण्डाको संख्या उल्लेख गर्दा केटमा उल्लेख गर्नुपर्दछ । व्यवसायीले अण्डा बिक्री गरेको संख्या पेटी/बक्स, केट तथा संख्यामा भन्ने गर्दछन् । यहाँ १ केट बराबर ३० वटा अण्डा र १ पेटी बराबर ७ केट अर्थात २१० अण्डा हुन्छ । अण्डाको संख्या केटमा उल्लेख गर्नुपर्दछ ।

**महल ९ (सन्दर्भ अवधिमा घरायसी उपभोग गरिएको अण्डा संख्या, केटमा)**

यस महलमा सन्दर्भ अवधिमा घरायसी उपभोग गरिएको जम्मा अण्डा संख्या लेख्नुपर्दछ । घरायसी उपभोग भन्नाले आफुले घरमा खाएको, आफ्ना नातागोता, इष्टमित्रहरुलाई उपहारस्वरुप दिइएको अण्डालाई बुझाउँदछ ।

**महल १० (सन्दर्भ अवधिमा नष्ट भएको अण्डा संख्या, केटमा)**

यस महलमा सन्दर्भ अवधिमा उत्पादित अण्डा विविध कारण (जस्तै निश्चित अवधिभित्र बिक्री नभई नष्ट गरिएका अण्डा, कुखुराले नै नष्ट गरेको अण्डा, संकलनका क्रममा नष्ट भएका, चर्किएका अण्डा आदि) ले नष्ट भएको हुन सक्दछ । सो संख्या यस महलमा उल्लेख गर्नुपर्दछ । यस महलमा पनि अण्डाको संख्या उल्लेख गर्दा केटमा उल्लेख गर्नुपर्दछ ।

**महल ११ (सन्दर्भ अवधिमा बिक्री गरिएको अण्डा संख्या, केटमा)**

यस महलमा सन्दर्भ अवधिमा जम्मा कति अण्डा बिक्री गऱ्यो, सोधी लटअनुसार जम्मा बिक्री गरिएको अण्डा संख्या यस महलमा उल्लेख गर्नुपर्दछ । अगाडिकै महलमा जस्तै यस महलमा पनि अण्डाको संख्या उल्लेख गर्दा केटमा उल्लेख गर्नुपर्दछ ।

**महल १२ (सन्दर्भ अवधिमा प्रतिकेट अण्डाको औसत मूल्य रु.)**

यस महलमा फर्मले प्रतिकेट अण्डा बिक्री गर्दा सरदर कति मूल्यमा बिक्री गरेको हो, सोधी प्रतिकेट अण्डाको मूल्य लेख्नुपर्दछ ।

अण्डाको बिक्री मूल्य समयअनुसार फरकफरक हुन सक्दछ । यसरी मूल्य पटकैपिच्छे फरक भएमा पटक अनुसारको मूल्य तथा अण्डाको केट संख्या जोडी औसत मूल्य कायम गरी लेख्नुपर्ने हुन्छ ।

**महल १३ (सन्दर्भ अवधिमा अण्डा बिक्रीबाट प्राप्त जम्मा रकम रु.)**

यस महलमा सन्दर्भ अवधिमा लटअनुसार अण्डा बिक्रीबाट प्राप्त जम्मा रकम लेख्नुपर्दछ ।

**५.३ सन्दर्भ अवधिमा प्यारेन्ट कुखुराको अण्डा उत्पादन तथा बिक्रीसम्बन्धी विवरण**

प्रश्नावलीको यो भाग ह्याचरीसँग मात्र सम्बन्धित छ। हाम्रो देशमा चल्ला उत्पादन गर्ने ह्याचरीहरुले चल्ला उत्पादनका लागि आवश्यक अण्डाको लागि प्यारेन्ट आफैंले पाल्ने र उत्पादित अण्डाबाट चल्ला उत्पादन गरी डिलर, सब डिलर, एग्रोभेट मार्फत् र आफैले पनि व्यवसायी तथा कृषकलाई चल्ला बिक्री वितरण गर्ने गर्दछन्।

प्रश्नावलीको यस भागमा ह्याचरीले चल्ला उत्पादन गर्ने उद्देश्यले पालेका प्यारेन्ट कुखुराहरुको किसिमअनुसार अण्डा उत्पादन विवरण संकलन गरिन्छ र चल्ला सम्बन्धी विवरण ५.४ मा संकलन गरिन्छ।

**महल १ (कुखुराको किसिम)**

यस महलमा प्यारेन्ट कुखुराको किसिम लेख्नुपर्दछ।

**महल २ (कोड)**

यस महलमा महल १ मा लेखिएका कुखुराको किसिम अनुसारको कोड लेख्नु पर्दछ। यहाँ कोड लेख्दा उक्त किसिमको कुखुराको भाग ४.२ को महल १ (क्रमसंख्या) मा जुन क्रमसंख्या छ त्यही नै उक्त किसिमको कुखुराको कोड हुने भएकाले सोही संख्या कोडका रुपमा लेख्नुपर्दछ।

**महल ३ (सन्दर्भ अवधिमा पालिएको कुखुराको लट क्रमसंख्या)**

यस महलमा फर्म/ह्याचरीले सन्दर्भ अवधिमा अण्डा उत्पादन गर्ने उद्देश्यले कति लट प्यारेन्ट कुखुरा पाल्यो सोधी किसिमअनुसार जम्मा लट क्रमसंख्या लेख्नु पर्दछ।

**महल ४ र ५ (सन्दर्भ अवधिमा पालेको कुखुराको संख्या अण्डा दिने, अण्डा नदिने)**

यस महलमा फर्म/ह्याचरीले सन्दर्भ अवधिमा महल २ मा लेखिएको जम्मा लट क्रमसंख्याका जम्मा प्यारेन्ट कुखुरामध्ये अण्डा दिने प्यारेन्ट कुखुराको संख्या महल ४ मा र अण्डा नदिने प्यारेन्ट कुखुराको संख्या महल ५ मा लेख्नुपर्दछ। अण्डा नदिने प्यारेन्ट कुखुरा भन्नाले अण्डा दिने उमेर नपुगेका अर्थात् अण्डा दिन शुरु नगरेका कुखुरालाई जनाउँदछ।

**महल ६ (मृत्यु संख्या)**

यस महलमा फर्मले पालेका प्यारेन्ट कुखुराको किसिम र लटअनुसार चल्ला कति संख्यामा ल्याई पालेको थियो र पाल्ने क्रममा विभिन्न कारण कति संख्यामा तिनको मृत्यु भयो उक्त संख्या सोधी लेख्नुपर्दछ।

**महल ७ (अण्डा दिन शुरु गर्दा कुखुराको उमेर, हप्तामा)**

यस महलमा फर्मले अण्डा उत्पादन प्रयोजनका लागि पालेका प्यारेन्ट कुखुराहरुले पालेको कति हप्तापछि अण्डा दिन शुरु गऱ्यो, सो हप्ता संख्या लटअनुसार छुट्टाछुट्टै लेख्नुपर्दछ।

**महल ८ (सन्दर्भ अवधिमा जम्मा उत्पादित अण्डा संख्या, हजारमा)**

यस महलमा फर्मले सन्दर्भ अवधिमा पालिएका प्यारेन्ट कुखुराबाट जम्मा कति अण्डा उत्पादन भयो, सोधी लटअनुसार जम्मा उत्पादित अण्डा संख्या लेख्नुपर्दछ। यस महलमा पनि अण्डाको संख्या उल्लेख गर्दा हजारमा उल्लेख गर्नुपर्दछ।

**महल ९ (सन्दर्भ अवधिमा नष्ट भएको अण्डा संख्या, हजारमा)**

यस महलमा फर्मले सन्दर्भ अवधिमा पालिएका प्यारेन्ट कुखुराबाट उत्पादित अण्डा विविधकारण (जस्तैः निश्चित अवधि भित्र ह्याचिङ्ग नभई नष्ट गरिएका अण्डा, कुखुराले नै नष्ट गरेको अण्डा, संकलनका क्रममा नष्ट भएका, चर्किएका अण्डा आदि) ले नष्ट भएको हुन सक्दछ। सो संख्या हजारमा उल्लेख गर्नुपर्दछ।

**महल १० (सन्दर्भ अवधिमा बिक्री गरिएको अण्डा संख्या, हजारमा)**

प्रायजसो ह्याचरीहरुले प्यारेन्ट कुखुरा पाली उत्पादित अण्डा आफैले ह्याचिङ्ग गरी चल्ला उत्पादन गर्ने गर्दछन। साधारणतया ह्याचरीहरुले अण्डा बिक्री गर्ने गरेको पाइँदैन्। यदि कुनै ह्याचरीले कारणवश प्यारेन्ट कुखुराबाट उत्पादित अण्डा बिक्री गरेको भएमा बिक्री गरिएको अण्डा संख्या यस महलमा लेख्नुपर्दछ। यहाँ पनि अण्डाको संख्या उल्लेख गर्दा हजारमा उल्लेख गर्नुपर्दछ।

**महल ११ (सन्दर्भ अवधिमा अण्डा बिक्रीबाट प्राप्त रकम रु.)**

यस महलमा महल १० मा उल्लेखित अण्डा संख्या बिक्रीबाट प्राप्त रकम लेख्नुपर्दछ।

### ५.४ सन्दर्भ अवधिमा चल्ला उत्पादन तथा बिक्रीसम्बन्धी विवरण

ह्याचरीमा पालिएका प्यारेन्ट कुखुरा तथा तीबाट उत्पादित अण्डाको विवरण माथि ५.३ भागमा नै संकलन गरिन्छ । यस भागमा चल्ला उत्पादनसम्बन्धी विवरण मात्र संकलन गरिन्छ । अतः प्रश्नवलीको यो भाग पनि विशेषत ह्याचरीसँग मात्र सम्बन्धित छ ।

**महल १ (चल्लाको किसिम)**

यस महलमा हयाचरीले उत्पादन गरेको चल्लाको किसिम लेखिएको छ । जस्तै ब्रोइलर, लेयर्स, अन्य ।

**महल २ (कोड)**

यस महलमा महल १ मा लेखिएका कुखुराको किसिम अनुसारको कोड लेख्नु पर्दछ । यहाँ कोड लेख्दा उक्त किसिमको कुखुराको भाग ४.१ को महल १ (क्रमसंख्या) मा जुन क्रमसंख्या छ त्यही नै उक्त किसिमको कुखुराको कोड हुने भएकाले सोही संख्या कोडका रुपमा लेख्नुपर्दछ ।

**महल ३ (सन्दर्भ अवधिमा चल्ला उत्पादन लट संख्या)**

यस महलमा हयाचरीले सन्दर्भ अवधिमा कति लट चल्ला उत्पादन गऱ्यो सोधी किसिमअनुसार जम्मा लट संख्या लेख्नुपर्दछ ।

**महल ४ (सन्दर्भ अवधिमा चल्ला उत्पादनका लागि इन्क्युवेटरमा राखिएको अण्डा संख्या, हजारमा)**

यस महलमा हयाचरीले सन्दर्भ अवधिमा चल्ला उत्पादनका लागि महल ३ मा लेखिएको जम्मा लट संख्याका लागि के कति संख्यामा अण्डाको प्रयोग गऱ्यो जम्मा जम्मी अण्डा संख्या लेख्नुपर्दछ । अण्डा संख्या लेख्दा हजारमा लेख्नु पर्दछ । हयाचरीले चल्ला उत्पादनको लागि आफैले उत्पादन गरेको अण्डाबाहेक अन्यत्रबाट पनि अण्डा ल्याएको भए सोसमेत जोडी एक मुष्ठ लेख्नुपर्दछ ।

**महल ५ (सन्दर्भ अवधिमा उत्पादित चल्ला संख्या, हजारमा)**

यस महलमा ह्याचरीले सन्दर्भ अवधिमा जम्माजम्मी के कति संख्यामा चल्ला उत्पादन गऱ्यो उक्त संख्या हजारमा लेख्नुपर्दछ ।

**महल ६ (ह्याचिविलिटी दर)**

यस महलमा चल्ला उत्पादन गर्दाको ह्याचिविलिटी दर प्रतिशतमा लेख्नुपर्दछ । ह्याचिविलिटी दर चल्ला उत्पादनका लागि प्रयोग गरिएको जम्मा अण्डा संख्या र उत्पादित जम्मा चल्ला संख्याबाट गणना गरी निकाल्न सकिन्छ । उदाहरणको लागि चल्ला उत्पादनका लागि १०,००० वटा अण्डा प्रयोग गरी ९,००० वटा चल्ला उत्पादन भयो भने ह्याचिविलिटी दर ९०% हुन गयो ।

**महल ७ (नष्ट/रिजेक्ट गरिएको चल्ला संख्या, हजारमा)**

सन्दर्भ अवधिमा फर्म/ह्याचरीले चल्ला उत्पादनका क्रममा नष्ट/रिजेक्ट गरिएका चल्लाको संख्या हजारमा यस महलमा लेख्नुपर्दछ । उदाहरणको लागि बिक्री हुन नसकेका चल्लाहरु, लेयर्स चल्लाको हकमा भाले चल्लाहरु आदि ।

**महल ८ (बिकी गरिएको चल्ला संख्या, हजारमा)**

यस महलमा किसिमअनुसार सन्दर्भ अवधिमा ह्याचरीले बिक्री गरिएको जम्मा चल्ला संख्या एकमुष्ठ हजारमा लेख्नुपर्दछ ।

**महल ९ (प्रतिचल्ला औसत मूल्य रु.)**

यस महलमा ह्याचरीले चल्ला बिक्री गर्दा सरदर प्रतिचल्ला कति मूल्यमा बिक्री गरेको हो, सोधी प्रति चल्लाको मूल्य लेख्नुपर्दछ ।

चल्लाको बिक्री मूल्य समय र लटअनुसार फरकफरक हुन सक्दछ । एकै लटका चल्ला पनि फरकफरक मूल्यमा बिकी गरेको भएमा सोही अनुसारको मूल्य तथा चल्ला संख्या जोडी औसत मूल्य कायम गरी लेख्नुपर्ने हुन्छ ।

**महल १० (चल्ला बिकी बाट प्राप्त रकम रु.)**

यस महलमा ह्याचरीले सन्दर्भ अवधिमा किसिमअनुसार चल्ला बिक्री गरी प्राप्त गरेको रकम एकमुष्ठ लेख्नुपर्दछ ।

**५.५ सन्दर्भ अवधिमा मासुका लागि बिक्री गरिएका लेयर्स तथा प्यारेन्ट (अण्डा पारिसकेका) कुखुरासम्बन्धी विवरण**
यसअन्तर्गत फर्मले अण्डा उत्पादनका लागि पालेका विभिन्न किसिमका कुखुरा (लेयर्स र प्यारेन्ट) अण्डा उत्पादन अवधि समाप्त भएपश्चात् मासुका लागि बिकी गर्दछन् । यस्तो बिकी विवरण यस भागमा लिइन्छ ।

**महल १ (कुखुराको किसिम)**
यस महलमा अण्डा उत्पादनका लागि पालेका विभिन्न किसिमका कुखुरा (लेयर्स र प्यारेन्ट) अण्डा उत्पादन अवधि समाप्त भएपश्चात् मासुका लागि बिकी गरिएको भए यहाँ किसिमअनुसार उल्लेख गर्नुपर्दछ । मासु उत्पादनको लागि पालिएका ब्रोइलर कुखुरा यस भागमा पर्दैनन् ।

**महल २ (कोड)**
यस महलमा महल १ मा लेखिएका कुखुराको किसिम अनुसारको कोड लेख्नु पर्दछ । यहाँ कोड लेख्दा उक्त किसिमको कुखुराको भाग ४ को महल १ (क्रमसंख्या) मा जुन क्रमसंख्या छ त्यही नै उक्त किसिमको कुखुराको कोड हुने भएकाले सोही संख्या कोडका रुपमा यस महलमा लेख्नुपर्दछ ।

**महल ३ (लट संख्या)**
यस महलमा फर्म वा ह्याचरीले अण्डा उत्पादनका लागि पालेका लेयर्स कुखुरा तथा प्यारेन्ट कुखुराले अण्डा उत्पादन दिन छोडेपछि मासु प्रयोजनका लागि कति लट बिक्री गऱ्यो त्यो लट संख्या किसिमअनुसार लेख्नुपर्दछ ।

**महल ४ (सन्दर्भ अवधिमा घरायसी उपभोग गरिएको कुखुरा संख्या)**
यस महलमा किसिम र लटअनुसार सन्दर्भ अवधिमा घरायसी उपभोग गरिएको जम्मा कुखुरा संख्या लेख्नुपर्दछ । घरायसी उपभोग भन्नाले आफुले घरमा खाएको, आफ्ना नातागोता, इष्टमित्रहरुलाई उपहारस्वरुप दिइएको कुखुराहरुलाई बुझाउँदछ ।

**महल ५ (सन्दर्भ अवधिमा बिक्री गरिएको कुखुरा संख्या)**
यस महलमा सन्दर्भ अवधिमा फर्मले लेयर्स र प्यारेन्ट कुखुराको अण्डा उत्पादन अवधि समाप्त भएपश्चात् मासुका लागि जिउँदो बिक्री गरिएको कुखुराको संख्या किसिमअनुसार लेख्नुपर्दछ ।

**महल ६ (सन्दर्भ अवधिमा कुखुरा बिक्रीबाट प्राप्त रकम, रु.)**
यस महलमा कुखुराको किसिमअनुसार महल ३ मा उल्लिखित कुखुरा संख्या बिक्रीबाट जम्मा कति रकम प्राप्त भयो सो रकम लेख्नुपर्दछ ।

**महल ७ (जिउँदो बिक्री गर्दा प्रतिकुखुरा औसत तौल, के.जी.मा)**
यस महलमा फर्मले लेयर्स र प्यारेन्ट कुखुराको अण्डा उत्पादन अवधि समाप्त भएपश्चात् मासुका लागि जिउँदै बिक्री गर्दा प्रतिकुखुरा औसत तौल कति थियो सोधी किलोग्राममा लेख्नुपर्दछ । कुखुराहरु पटकपटक बिकी गरिएको हुनसक्छ । यदि त्यसो भएमा पटक अनुसारको तौल र कुखुरा संख्या जोडी औसत तौल कायम गरी लेख्नु पर्ने हुन्छ । **जिउँदो कुखुराको औसत तौल १ किलो २०० ग्राम भएमा १.२** लेख्नुपर्दछ ।

**महल ८ (जिउँदो बिक्री गर्दा प्रतिकुखुरा के.जी. औसत मूल्य रु.)**
यस महलमा फर्मले लेयर्स र प्यारेन्ट कुखुराको अण्डा उत्पादन अवधि समाप्त भएपश्चात् मासुका लागि जिउँदो कुखुरा बिक्री गर्दा सरदर प्रतिकिलोग्राम कति मूल्यमा बिक्री गरेको हो, सोधी प्रति किलोको मूल्य लेख्नुपर्दछ ।
कुखुराको बिक्री मूल्य पटक अनुसार फरकफरक हुन सक्छ त्यसो भएमा पटक अनुसारको मूल्य तथा कुखुरा संख्या जोडी औसत मूल्य कायम गरी लेख्नुपर्ने हुन्छ ।

**५.६ सन्दर्भ अवधिमा कुखुराको मल (सुली) उत्पादन तथा बिकीसम्बन्धी विवरण**
कुखुरापालन व्यवसायमा कुखुराको सुली पनि राम्रो आम्दानीको स्रोत हुने गर्दछ । विशेषतः सुली खेतबारीमा मलको रुपमा प्रयोग भइआएको छ । यस भागमा फर्मले सन्दर्भ अवधिमा सह–उत्पादनको रुपमा सुली के कति उत्पादन तथा बिकी गरेकोछ सो सम्बन्धि विवरण लिइन्छ ।

**महल १ (उत्पादित मल, बोरामा)**
यस महलमा फर्ममा सन्दर्भ अवधिमा मल (सुली) के कति बोरा उत्पादन भयो एक मुष्ठ यहाँ लेख्नुपर्दछ । यहाँ बोरा भन्नाले कृषकले दाना खरिद गर्दा प्रयोग भएको बोराको आकारलाई बुझ्नु पर्दछ ।

**महल २ ( मल बिक्री, बोरामा)**
यस महलमा फर्मले सन्दर्भ अवधिमा मल (सुली) के कति बोरा बिक्री गर्यो एक मुष्ठ यहाँ लेख्नुपर्दछ । यहाँ पनि बोरा भन्नाले कृषकले दाना खरिद गर्दा प्रयोग भएको बोराको आकारलाई बुझ्नु पर्दछ ।

**महल ३ (मूल्य रु. प्रतिबोरा)**
यस महलमा फर्मले सन्दर्भ अवधिमा मल (सुली) बिक्री गर्दा प्रतिबोरा औसत कति मूल्यमा बिक्री गर्‍यो सोधी लेख्नुपर्दछ । प्रतिबोरा मूल्य पनि समयअनुसार फरक भएमा औसत मूल्य कायम गरी लेख्नुपर्दछ ।

**महल ४ (मल बिक्रीबाट प्राप्त रकम रु.)**
यस महलमा फर्मले सन्दर्भ अवधि भरमा मल (सुली) बिक्री गरी प्राप्त गरेको जम्मा रकम लेख्नुपर्दछ ।

**प्रश्न ५.७ सन्दर्भ अवधिमा रोगका कारण यस फर्मको कुखुरामा कुनै क्षति पुगेको थियो ?**
कुखुरापालन व्यवसायमा सन्दर्भ अवधिमा कुनै प्रकारको रोगका कारण ठूलो क्षति भए नभएको सोधी उपयुक्त नम्बरमा गोलो घेरा लगाउनुपर्दछ । यहाँ रोग भन्नाले सामान्य वा महामारी दुवैलाई बुझाउँछ । जस्तै : बर्डफ्लु, रानिखेत माहामारी रोग हुन् भने गम्बोरो, मेरेक्स/लिकोसिस, कक्सिडियोसिस, सि. आर. डी., लिची आदि सामान्य रोग हुन ।

सन्दर्भ अवधिमा कुखुरामा कुनै एक वा एकभन्दा बढी रोग लागेको हुनसक्दछ । यदि उत्तरदाताले सन्दर्भअवधिमा कम्तिमा एउटा मात्र रोग लागेको थियो भनेमा पनि “थियो” को कोड १ मा गोलो घेरा लगाउनुपर्दछ र प्रश्न ५.८ सोध्नुपर्दछ । यदि “थिएन” भन्ने उत्तर आएमा २ मा गोलो घेरा लगाई प्रश्न ५.८ नसोधी सीधै प्रश्न ६.१ सोध्नुपर्दछ । सन्दर्भ अवधिअघि वा पछि लागेको रोग र त्यसबाट भएको क्षतिलाई यहाँ सोध्न खोजिएको होइन ।

**प्रश्न ५.८ कुखुराको रोगको प्रकार र क्षति भएको संख्या**
कुखुरापालन व्यवसायमा लाग्न सक्ने मुख्यतयाः दश प्रकारका रोगहरूलाई प्रश्न ५.८ को टेबलअन्तर्गतको महल नं. २ मा उल्लेख गरिएको छ । कुनै एउटा रोगले क्षति पुर्‍याएको खण्डमा कुन रोगले क्षति पुर्‍याएको हो सोही रोगको लहरको क्रमसंख्यामा गोलो घेरा लगाउँदै के र कति क्षति पुर्‍याएको थियो त्यसको वार्षिक संख्या तत्तत् महलमा उल्लेख गर्नुपर्दछ । यदि एकभन्दा बढी रोग लागेको थियो भने ती सबै रोगहरूको क्रमसंख्यामा गोलो घेरा लगाउँदै ती रोगहरूले पुर्‍याएको कुखुरा वा चल्ला वा अण्डाको क्षति कति भएको थियो त्यसको संख्यालाई महल ३, ४ र ५ मा वार्षिक रूपमा एकीन गरी उल्लेख गर्नुपर्दछ । यदि सन्दर्भ अवधिमा यहाँ उल्लेख गरिएका रोगहरूबाहेक अन्य कुनै सामान्य/महामारी रोगको कारणबाट क्षति पुगेको रहेछ भने क्र.सं. ११ को अन्यमा उल्लेख गर्नुपर्दछ । यसरी क्षतिको संख्या उल्लेख गर्नु नपर्ने महलमा “–” चिन्ह लेख्नुपर्दछ । कुखुरामा लाग्ने केही प्रमुख रोग र तिनका लक्षणहरु यसप्रकार छन् ।

## १. बर्डफ्लु
बर्डफ्लु रोग इन्फ्लुएन्जा ए नाम गरेको एकप्रकारको विषाणुको माध्यमबाट पन्छीहरुमा लाग्ने संक्रमक रोग हो । यस रोगबाट विशेष गरी कुखुरा, बट्टाई, टर्की जस्ता पक्षीहरु बढी सम्वेदनशील हुन्छन् भने हाँस, जंगली चराहरु रोगको लक्षण नदेखाई रोग वाहकको रुपमा देखा पर्न सक्छन् । चराहरुमा यो रोग सर्वप्रथम सन् १८७८ मा पहिचान भएको थियो ।

***यो रोग पन्छी तथा मानिसमा कसरी सर्दछ ?***
यो रोग रोगी कुखुरा, संक्रमित सूली, उपकरणहरु, पानी, दाना आदिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष सम्पर्कबाट पन्छीहरुबीच सर्न सक्दछ । त्यसैगरी बसाई सरेर आउने जंगली चराहरु तथा जीवित पन्छी तथा पन्छीजन्य सामाग्रीहरुको अबैध कारोबारबाट समेत यो रोग सर्न सक्दछ ।

मानिसमा जिउँदो वा मरेको चराको प्रत्यक्ष सम्पर्कबाट यो रोग सर्न सक्दछ । यस रोगको विषाणु सुलीमा ४ डिग्री सेन्टिग्रेड तापक्रममा कम्तिमा ३० दिनसम्म बाँच्न सक्दछ । त्यसैगरी २२ डिग्री सेन्टीग्रेड तापक्रम भएको तालको पानीमा ४ दिनसम्म र ३० डिग्री सेन्टीग्रेड तापक्रम भएकोमा ३० दिनसम्म बाँच्न सक्दछ । तर ६० डिग्री सेन्टीग्रेड तापक्रममा

३० मिनेटमा र ७० डिग्री सेन्टीग्रेड तापक्रममा केही सेकेण्डमै विषाणु मर्ने हुँदा पकाएर खाएको मासु तथा अण्डाबाट यो रोग सर्ने कुनै सम्भावना हुँदैन ।

**बर्डलुका लक्षणहरु**

असाध्यै तीक्ष्ण प्रकारको अवस्थामा रोगको कुनै लक्षण नदेखाई केही घण्टाभित्रमा शतप्रतिशतसम्म कुखुराहरुको मृत्यु हुनसक्दछ । सामान्यतया धेरै कुखुराहरुको मृत्यु भएमा, श्वासप्रश्वाससम्बन्धी गम्भीर लक्षणहरु देखिएमा, टाउको, सिउर र लोती निलो भएमा, खुट्टामा रक्तस्रावहरु देखिएमा, पक्षघात देखिएमा, पातलो छेरेमा, अण्डा उत्पादन अचानक घटेमा, जलजले अण्डा पारेमा बर्डफ्लुको शंका गर्न सकिन्छ ।
यो रोगको कतिपय लक्षणहरु कुखुरामा देखिने अन्य श्वासप्रश्वाससम्बन्धी रोगहरु जस्तै रानीखेत, कुखुराको हैजा आदिसँग मिल्न जाने हुँदा धेरै संख्यामा कुखुराहरु बिरामी परेमा अनावश्यक शंका गर्नुभन्दा नजिकको पशु सेवा कार्यालयमा तुरुन्त खबर गर्नु उपयुक्त हुन्छ ।

## २. रानीखेत रोग (Newcastle disease)

कुखुराहरुमा लाग्ने रोगहरुमध्ये रानीखेत साह्रै संक्रामक र खतरनाक रोग हो । यो रोग टरटर फ्युरेन्स (Tortor furens) नामक भाइरसबाट लाग्दछ । यो रोग सर्वप्रथम बेलायतको न्यू-क्लास्टल भन्ने ठाउँमा देखिएको हुँदा यो रोगको नाम न्यू क्यास्टल रहन गएको हो । पछि यो रोग भारतको उत्तर प्रदेश राज्यको रानीखेत भन्ने स्थानमा देखा पर्‍यो । र त्यसपछि यो रोगको नाम रानीखेत रहन गयो । यो रोग एक कुखुराबाट अर्को कुखुरामा सर्दै जान्छ, रोगी कुखुराको नाक, मुखबाट निस्केको र्‍याल सिगानबाट र रोगी कुखुरासँगको लसपस भएको दानापानी र हावाबाट पनि स्वस्थ कुखुरामा सर्दछ । यो रोगबाट बढ्दो उमेरमा कुखुराहरुको १००% सम्म मृत्युदर हुन्छ भने अण्डा पार्ने कुखुराको मृत्युदर अलि कम मात्रामा हुन्छ । यो साह्रै छिटो फैलने अत्यन्त सरुवा खालको श्वासप्रश्वास र नर्भस प्रणालीमा असर पुर्‍याउने रोग हो ।

***रानीखेत रोगका लक्षणहरु***

- अनुहार, आँखा र घाँटी सुन्निन्छ ।
- सास फेर्न कठिन हुने, सास फेर्दा आवाज आउने र खोकी लाग्ने ।
- दुर्गन्धित हरियो रंगको छेर्छ ।
- सिउर, लोती पहेँलो हुने र पछि निलो रंगमा बदलिने ।
- रोगी कुखुरा फनफनी घुम्ने र धरमराउने, आंशिक वा पूर्णरुपमा खुट्टा तथा पखेटाहरुमा पक्षघात हुने, शरीर तथा टाउको मोड्ने, हलचल गर्न कठिनाई हुने र छट्पटाउने ।
- रोगी कुखुराले टाउको पछाडी वा टाङमुनी निहुराउने वा पखेटामुनी घुसाउने र टाउकोमा थेग्न कठिन हुने ।
- अण्डा उत्पादन घट्ने र अण्डाको गुणस्तरमा ह्रास आउने ।
- यो रोगबाट प्रभावित कुखुराहरु कुनै स्पष्ट लक्षण नदेखाई पनि मर्न सक्दछन् ।

यो रोगको नियन्त्रणका लागि कुखुरालाई रानीखेत रोगविरुद्ध खोप लगाउनु पर्दछ । रोगथामको लागि यही नै सुरक्षित र भरपर्दो उपाय हो । चल्लाहरुलाई पहिलो हप्ताभित्रै एफस्ट्रोन भ्याक्सिन लगाइ दिनुपर्छ । र चल्लाको उमेर ८-१० हप्ता पुग्दा आरटुवि खोप लगाउनु पर्दछ । आन्तरिक परजिवीबाट ग्रसित चल्लाहरुले भ्याक्सिन गर्न नसक्ने हुँदा भ्याक्सिन लगाउनुभन्दा पहिले कम्तिमा १ हप्ता अगाडि जुकाको औषधि खुवाउनु पर्दछ । यसको लागि बजारमा उपलब्ध हुने भर्मेक्स ६० एम.एल./१०० चल्लाको लागि वा पिप्राजिन ५० एम.एल./१०० चल्लाको लागि प्रयोग गर्नुपर्दछ ।

## ३. गम्बोरो/संक्रामक बर्सल रोग (Gumboro/Infectious bursal disease)

यो रोग हुर्कंदो अवस्थाका कुखुराहरुमा लाग्ने सरुवा रोग हो । २-६ हप्ता उमेरका चल्लाहरु यो रोगबाट बढी प्रभावित हुन्छन् । यो रोगबाट शत प्रतिशत चल्लाहरु प्रभावित भए तापनि यसको मृत्युदर केवल १५-२० प्रतिशत मात्र भएको पाइन्छ । यो रोग रोगी कुखुराहरुको सम्पर्कमा आएको दाना, पानी, सुली, सोत्तर आदिका कारणबाट हुन सक्दछन् । यस रोगबाट ग्रसित कुखुराहरुले देखाउने लक्षणहरुमाः दाना कम खाने, झोक्राउने, पानी जस्तो सेतो छेर्ने, मलद्धारको वरिपरि सुली लतपतिने, निदाउरो देखिने, शारिरिक सन्तुलन कायम गर्न नसकी एकापट्टी मात्र ढल्कने, काँप्ने, यो रोग लागेर बाँचेका चल्लाहरु ५-७ दिनभित्र तन्दुरुस्त हुने गर्दछन् । ब्रोइलर र लेयर्सलाई अलगअलग व्यवस्थापनमा राख्नु पर्दछ । खोर ताथ खोरभित्र रहेका सम्पूर्ण उपकरणहरुको नियमित रुपमा सफाई गर्नुपर्दछ । यो रोगबाट बचाउन खोप लगाउनु पर्दछ ।

### ४. मरेक्स (Mareks)

यो रोग विषाणुबाट हुने ज्यादै संक्रामक रोग हो । सानो उमेरका कुखुराहरुमा यो रोगले बढी सताउँदछ र ६-१० हप्ता उमेरका कुखुराहरु यो रोगबाट बढी प्रभावित हुन्छन् । यो रोग मुख्यतयाः रोगी कुखुराको र्‍याल, नाकबाट निस्केको फोहोर, सुली प्वाँख आदिबाट फैलिन्छ । यो रोग कुखुराको बथानमा कुनैपनि बेला अपर्झट रुपमा देखा पर्दछ । यो रोगका प्रमुख लक्षणहरुः

- शरिरभित्रका नशाहरु सुन्निनाले खुट्टा, पखेटा र गर्धनमा पक्षघात हुन्छ ।
- चल्ला उभिन सक्दैन, खुट्टा र पखेटा भिन्नै दिशातर्फ Streched हुन्छ ।
- सास फेर्न साह्रै कठिन हुन्छ ।
- ख्यारख्यार आवाज निकाली कुखुराहरु फनफनी घुम्छन् ।
- हुर्कदो अवस्थाका चल्लाहरुमा यो रोग तीक्ष्णरुपमा देखिन्छ र चल्लाहरु एक्कासी मर्दछन् ।
- रोगी कुखुराको मलद्धारमा माटो सहितको हरियो पातलो सुली देखिन्छ ।

रोग लागेपछि चल्ला उदासिन हुने, झ्याउरिने, हलचल गर्न मन नपराउने, शरिरमा पानीको मात्रा कम हुने, कुखुराहरु निन्याउरो भई रक्तअल्पता हुने हुन्छ ।

रोगबाट बचाउनको लागि एकमात्र उपाय १ दिने चल्लामा मरेक्स भ्याक्सिन लगाउनु नै हो । यही नै रोगबाट बचाउने अचुक उपाय हो ।

### ५. दीर्घकालीन श्वास प्रश्वास सम्बन्धी रोग (Chronic respiratory disease -CDR)

यो रोग माइकोप्लाज्मा ग्यालिसेप्टिकम (Mycoplasma gallisepticum) नामक जीवाणुबाट लाग्दछ । यो रोग धेरै स्थानहरुमा फैलिने र एकैपटक धेरै कुखुराहरुलाई असर पार्दछ । हुर्कंदो अवस्थाका ६-८ हप्ता उमेरका चल्लाहरुको मृत्युदर ३०-४० प्रतिशत देखिएको छ भने अण्डा पार्ने अवस्थाका कुखुराहरुमा प्रजननसम्बन्धी समस्या देखिएको छ । यो रोग खासगरी रोगबाट प्रभावित अण्डा, रोगी कुखुराको र्‍याल, सुली आदिबाट सर्दछ । यो रोगको लागि कुखुराको खोरमा काम गर्ने व्यक्ति, भ्रमणमा आउने आगन्तुक र चराचुरुङ्गीहरु पनि रोगका संवाहक हुन सक्दछन् ।

## खण्ड ६: सन्दर्भ अवधिभित्र फर्ममा भएका चालु तथा पूँजीगत खर्च तथा बिक्री विवरण

यस भागमा व्यवसायले सन्दर्भ वर्षभित्र विभिन्न शीर्षकमा गरेको खर्चसम्बन्धी विवरण संकलन गरिन्छ । ६.१ मा व्यवसायले नियमित वा सालवसाली गरेको खर्चसम्बन्धी सूचना संकलन गरिन्छ भने ६.२ मा व्यवसायको स्थायी प्रकृतिको (लामो समय टिक्ने) खर्च साथै बिक्रीबाट प्राप्त रकम लिइन्छ ।

### ६.१ सन्दर्भ अवधिमा भएका चालु खर्च विवरण

यस तालिकामा उल्लेखित खर्च शीर्षकअन्तर्गत एकाइ, वार्षिक खरिद परिमाण, प्रतिएकाइ मूल्य र वार्षिक खर्च रकम उल्लेख गर्नुपर्दछ । चल्ला खरिद र दाना खरिद खर्च शीर्षकअन्तर्गत प्रतिएकाइ मूल्य खुलाउनुपर्दछ र बाँकी खर्च शीर्षकहरुको एकमुष्ठ वार्षिक रकम लेख्नुपर्दछ ।

| क्र.सं. | खर्च शीर्षक | परिभाषा |
|---|---|---|
| १. | चल्ला | सन्दर्भ अवधिभित्र फर्मले के कति चल्ला खरिद गर्‍यो त्यसको संख्या महल ४ मा, सरदर प्रति चल्ला मूल्य महल ५ मा र वार्षिक चल्ला खरिद रकम महल ६ मा लेख्नुपर्दछ । विभिन्न मितिमा खरिद गरिएको चल्लाको प्रतिएकाइ मूल्य फरक हुन सक्छ त्यस्तो अवस्थामा सबै खरिद दरबाट औसत हिसाब निकाली प्रतिएकाइ मूल्य एकीन गर्नुपर्दछ । |
| २. | दाना | सन्दर्भ अवधिभित्र फर्मले के कति बोरा दाना खरिद गर्‍यो महल ४ मा, सरदर प्रतिबोरा मूल्य महल ५ मा र वार्षिक दाना खरिद रकम महल ६ मा लेख्नुपर्दछ । विभिन्न मितिमा खरिद गरिएको दानाको प्रतिबोरा मूल्य फरक हुन सक्छ त्यस्तो अवस्थामा सबै खरिद दरबाट औसत हिसाब निकाली प्रतिबोरा मूल्य एकीन गर्नुपर्दछ । यहाँ बोरा भन्नाले ५० के.जी.दानाको बोरालाई मानिएको छ । |

| | | |
|---|---|---|
| ३. | खोप/भ्याक्सिन | सन्दर्भ अवधिमा फर्मले पालेका कुखुरा तथा चल्लालाई रोगबाट बचाउन विभिन्न किसिमका खोप/भ्याक्सिनहरु दिइन्छ । यसरी खोप/भ्याक्सिनमा गरिएको वार्षिक खर्च एकमुष्ठ महल ६ मा लेख्नुपर्दछ । |
| ४. | औषधी | सन्दर्भ अवधिमा फर्मले पालेका कुखुरा तथा चल्लालाई रोगबाट बचाउन विभिन्न किसिमका औषधीहरु खुवाइन्छ । यसरी औषधी खरिदमा गरिएको वार्षिक खर्च एकमुष्ठ महल ६ मा लेख्नुपर्दछ । |
| ५. | बाटा/बाल्टी/डोको/डालो | सन्दर्भ अवधिमा फर्मले कुखुरापालन व्यवसायका लागि आवश्यक बाटा/बाल्टी/डोको/डालो खरिदबापत गरिएको वार्षिक खर्च एकमुष्ठ महल ६ मा लेख्नुपर्दछ । घरायसी प्रयोजनका लागि खरिद गरिएका यस्ता सामग्रीहरुको खर्च यसमा समावेश गर्नुहुँदैन । |
| ६. | विद्युतीय सामाग्री | सन्दर्भ अवधिमा फर्मले कुखुरापालन व्यवसायका लागि आवश्यक विद्युतीय सामग्री खरिदबापत गरिएको वार्षिक खर्च एकमुष्ठ महल ६ मा लेख्नुपर्दछ । घरायसी प्रयोजनका लागि खरिद गरिएका यस्ता सामग्रीहरुको खर्च यसमा समावेश गर्नुहुँदैन । |
| ७.१ | यातायात | सन्दर्भ अवधिमा फर्मले कुखुरापालन व्यवसाय संचालन प्रयोजनको लागि गरेको यातायातको भाडाबापतको खर्च एकमुष्ठ महल ६ मा लेख्नुपर्दछ । जस्तैः ढुवानी खर्च, भ्रमण खर्च आदि । |
| ७.२ | जमिन/भवन/खोर /टहरा भाडा | सन्दर्भ अवधिमा फर्मले कुखुरापालन व्यवसाय संचालन प्रयोजनको लागि जमिन/भवन/खोर टहरा भाडामा लिएको हुन सक्छ । यस्तो भाडाबापत गरेको वार्षिक खर्च एकमुष्ठ महल ६ मा लेख्नुपर्दछ । |
| ८. | विद्युत तथा पानी | सन्दर्भ अवधिमा कुखुरापालन व्यवसाय संचालनार्थ प्रयोग हुने विद्युत तथा पानी खर्च जस्तै विद्युत महशुल, पानी महशुलबापतको खर्च महल ६ मा लेख्नुपर्दछ । व्यवसायको विद्युत तथा पानी खर्चसँग **घरायसी विद्युत तथा पानी खर्च** समेत जोडिन सक्ने सम्भावना छ भने सो पक्षलाई ख्याल गरी घरायसी विद्युत तथा पानी खर्चलाई **घटाई बाँकी रकम एकमुष्ठ लेख्नुपर्दछ** । |
| ९. | इन्धन | सन्दर्भ अवधिमा कुखुरापालन व्यवसाय संचालनार्थ प्रयोग हुने इन्धन खर्च जस्तै पेट्रोल, डिजेल, ग्याँस, मट्टितेल, ब्याट्री खरिद गरेको खर्च यसअन्तर्गत महल ६ मा लेख्नुपर्दछ । व्यवसायको इन्धन खर्चसँग **घरायसी इन्धन खर्च**समेत जोडिन सक्ने सम्भावना छ भने सो पक्षलाई ख्याल गरी घरायसी इन्धन खर्चलाई **घटाई बाँकी रकम एकमुष्ठ लेख्नुपर्दछ** । |
| १०. | सञ्चार | सन्दर्भ अवधिमा कुखुरापालन व्यवसाय संचालनार्थ भएको संचार खर्च जस्तै टेलिफोन/मोबाइल महशुल, इन्टरनेट महशुल, फ्याक्स महशुल आदि बापतको खर्च यसअन्तर्गत महल ६ मा एकमुष्ठ लेख्नुपर्दछ । व्यवसायको संचार खर्चसँग **घरायसी संचार खर्च** समेत जोडिन सक्ने सम्भावना छ भने सो पक्षलाई ख्याल गरी घरायसी संचार खर्चलाई **घटाई बाँकी रकम एकमुष्ठ लेख्नुपर्दछ** । |
| ११. | सोत्तर/भुस | सन्दर्भ अवधिमा फर्मले पालेका कुखुरा तथा चल्लाको खोरको भूइँमा न्यानो तथा सुख्खा राख्नका लागि सोत्तरको रुपम भुस प्रयोग गरिएको हुन्छ । यसरी भुस खरिदमा गरिएको वार्षिक खर्च एकमुष्ठ महल ६ मा लेख्नुपर्दछ । |
| १२. | केट | सन्दर्भ अवधिमा फर्मले अण्डा राख्नका लागि केट खरिदबापत गरेको वार्षिक खर्च एकमुष्ठ महल ६ मा लेख्नुपर्दछ । |
| १३. | चुन/फिनाइल अन्य कीटनाशक विषादी | सन्दर्भ अवधिमा फर्मले पालेका कुखुरा तथा चल्लालाई रोगबाट बचाउन तथा खोरलाई निसंक्रमण गर्नका साथै वातावरण सफा राख्न चुन/फिनाइल, विभिन्न किसिमका कीटनाशक विषादी खरिद गरेको हुन्छ । यसमा गरिएको वार्षिक खर्च एकमुष्ठ महल ६ मा लेख्नुपर्दछ । |

| | | |
|---|---|---|
| १४. | सामान्य मर्मत | सन्दर्भ अवधिमा फर्मले व्यवसाय संचालनको सिलसिलामा विभिन्न साधन जस्तै यातायात साधन, औजार सामग्री, भवन/खोरटहरा आदि मर्मत गरेको हुन सक्छ । यस्ता व्यवसायिक प्रयोजनको लागि गरेको सामान्य मर्मत संभार बापतको वार्षिक खर्च एकमुष्ठ महल ६ मा लेख्नुपर्दछ । यहाँ साना प्रकृतिका मर्मतमा भएको खर्चलाई मात्र समावेश गर्नुपर्दछ । |
| १५. | बीमा | सन्दर्भ अवधिमा फर्मले व्यवसायमा प्रयोग भएका विभिन्न सामग्री तथा पंछीहरुको बीमा गरेको हुन सक्छ । यस्ता बीमाबापत तिरेको वार्षिक प्रिमियम खर्च एकमुष्ठ महल ६ मा लेख्नुपर्दछ । |
| १६. | कर/राजश्व | सन्दर्भ अवधिमा फर्मले आफ्नो व्यवसाय संचालन गर्दा तिरेको कर/राजश्व बापतको वार्षिक खर्च एकमुष्ठ महल ६ मा लेख्नुपर्दछ । |
| १७. | सदस्यता र नवीकरण शुल्क | सन्दर्भ अवधिमा फर्मले आफ्नो व्यवसाय संचालन तथा सदस्यता नवीकरण गर्दा तिरेको वार्षिक शुल्क एकमुष्ठ महल ६ मा लेख्नुपर्दछ । |
| १८. | दान/चन्दा | सन्दर्भ अवधिमा फर्मले विभिन्न प्रयोजनको लागि व्यक्ति वा संस्थालाई दान, चन्दा वा उपहारको रुपमा दिएको वार्षिक रकम एकमुष्ठ महल ६ मा लेख्नुपर्दछ । यस्ता फर्मले नगदको साँटो जिन्सी (अण्डा, कुखुरा आदि ) दिएको रहेछ भने त्यसलाई नगदमा परिवर्तन गरी रकम लेख्नुपर्दछ । |
| १९. | स्टेसनरी तथा मसलन्द | सन्दर्भ अवधिमा फर्मले व्यवसाय संचालनको लागि विभिन्न मसलन्द सामग्री जस्तै स्टेशनरी सामग्रीहरु खरिदबापत तिरेको वार्षिक रकम एकमुष्ठ महल ६ मा लेख्नुपर्दछ । |
| २०. | अन्य खर्च | व्यवसाय संचालनार्थ माथि उल्लिखित शीर्षक बाहेक अन्य सालवसाली खर्च रकम एकमुष्ठ यस शीर्षक अन्तर्गत महल ६ मा लेख्नुपर्दछ । जस्तै विज्ञापनबापतको खर्च |

## ६.२ सन्दर्भ अवधिमा भएका पूँजीगत खर्च तथा बिक्री विवरण:

***"पूँजीगत खर्च"*** भन्नाले बिक्री गरी फाइदा उठाउने उद्देश्य नलिई केवल व्यवसाय सञ्चालनको लागि एक वर्षभन्दा बढी खप्ने भौतिक तथा बौद्धिक सम्पत्तिलाई जनाउँदछ । पूँजीगत खर्चको लागत वा खरिद रकम लेख्दा उक्त सम्पत्ति व्यवसाय संचालित स्थानसम्म ल्याई जडान गर्दा लागेको खर्च र कर महशुल आदि लागेकोमा सोसमेत समावेश गरी एकमुष्ठ खुलाउनु पर्दछ । यसरी नै सन्दर्भ अवधिभित्र पूँजीगत सामानको बिक्रीबाट रकम प्राप्त रहेछ भने महल ६ मा उल्लेख गर्नुपर्दछ । तर सन्दर्भ अवधिभन्दा पहिले वा पछि खरिद/बिक्री गरेको पूँजीगत सामानको खर्च भने यहाँ लेख्नुहुदैन ।
तल तालिकामा उल्लेखित खर्च शीर्षकअन्तर्गत संख्या, प्रतिएकाइ मूल्य, वार्षिक खर्च रकम र बिक्रीबाट प्राप्त रकम उल्लेख गर्नुपर्दछ । फिडिङ्ग तथा वाटरिङ्ग सिस्टम, केज तथा अण्डा संकलन सिस्टम, कम्प्युटर, प्रिन्टर, ल्यापटप, यातायत साधन, फर्निचर खरिद भएको खर्चको हकमा संख्या खुलाउनु पर्दैन । यसको एकमुष्ठ रकम मात्र लेख्नुपर्दछ ।

| **क.सं.** | **खर्च शीर्षक** | **परिभाषा** |
|---|---|---|
| १. | इन्क्युवेटर (Incubator) | ह्याचरीमा अण्डाबाट चल्ला उत्पादन गर्न इन्क्युवेटरको खरिद गरेको हुन्छ । यदि सन्दर्भ अवधिमा यस प्रकारको जेनेरेटर खरिद गरेको भए त्यसको संख्या महल ३ मा, प्रतिइकाइ मूल्य महल ४ मा र जम्मा वार्षिक खर्च रकम महल ५ मा लेख्नुपर्दछ । यस्ता पूँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ६ मा लेख्नुपर्दछ । |
| २. | जेनेरेटर | फर्ममा विद्युत आपूर्ति नियमित गर्न जेनेरेटरको प्रयोग भएको हुन सक्दछ । यदि **सन्दर्भ अवधिमा** यस प्रकारको जेनेरेटर खरिद गरेको भए त्यसको संख्या महल ३ मा, प्रतिएकाइ मूल्य महल ४ मा र जम्मा वार्षिक खर्च रकम महल ५ मा लेख्नुपर्दछ । यस्ता पूँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ६ मा लेख्नुपर्दछ । |

| | | |
|---|---|---|
| ३. | वाटर पम्प | फर्ममा पानी आपूर्तिका लागि वाटर पम्पको प्रयोग भएको हुन सक्दछ । यदि **सन्दर्भ अवधिमा** वाटर पम्प खरिद गरेको भए त्यसको संख्या महल ३ मा, प्रतिइकाइ मूल्य महल ४ मा र जम्मा वार्षिक खर्च रकम महल ५ मा लेख्नुपर्दछ । यस्ता पूँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ६ मा लेख्नुपर्दछ । |
| ४. | डिफ्रिज/फ्रिज | फर्ममा औषधी वा खोप वा अन्य कुखुरापालन व्यवसाय सम्बन्धी सामाग्री सुरक्षित राख्ने प्रयोजनको लागि डिफ्रिज/फ्रिजको खरिद भएको हुन सक्छ । यदि सन्दर्भ अवधिमा डिफ्रिज/फ्रिज खरिद गरेको भए त्यसको संख्या महल ३ मा, प्रतिएकाइ मूल्य महल ४ मा र जम्मा वार्षिक खर्च रकम महल ५ मा लेख्नुपर्दछ । यस्ता पूँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ६ मा लेख्नुपर्दछ । |
| ५. | डिविकर (चुच्चो काट्ने मेशिन) | फर्ममा कुखुराहरु एकआपसमा ठुँगाठुँग (चुच्चोले ठुँग्ने) गरी मर्ने सम्भावना हुनाले बेलैमा त्यसको चुच्चोको टुप्पोलाई काटिदिने गरिन्छ । यस्तो चुच्चो काट्ने विशेष किसिमको मसिनलाई डिविकर भनिन्छ । यदि सन्दर्भ अवधिमा यस प्रकारको डिविकर खरिद गरेको भए त्यसको संख्या महल ३ मा, प्रतिएकाइ मूल्य महल ४ मा र जम्मा वार्षिक खर्च रकम महल ५ मा लेख्नुपर्दछ । यस्ता पूँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ६ मा लेख्नुपर्दछ । |
| ६. | तौलने मेशिन | फर्ममा विभिन्न सामानको तौल (कुखुराको तौलसमेत) लिनको लागि सन्दर्भ अवधिमा तौलने मेशिन खरिद गरेको भए त्यसको संख्या महल ३ मा, प्रतिएकाइ मूल्य महल ४ मा र जम्मा वार्षिक खर्च रकम महल ५ मा लेख्नुपर्दछ। यस्ता पूँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ६ मा लेख्नुपर्दछ । |
| ७. | फिडिङ्ग र वाटरिङ्ग सिस्टम | फिडिङ्ग सिस्टम एक दाना सप्लाई गर्ने आधुनिक उपकरण हो । यसले एकनाश रुपमा तोकिएको स्थानमा कुखुराहरुलाई दानाको आपूर्ति गर्दछ ।<br>त्यसैगरी वाटरिङ्ग सिस्टम एक पानी सप्लाई गर्ने आधुनिक उपकरण हो । यसले एकनाश रुपमा तोकिएको स्थानमा कुखुराहरुलाई पानीको आपूर्ति गर्दछ ।<br>यदि सन्दर्भ अवधिमा यस प्रकारको मेशिन खरिद गरेको भए जम्मा वार्षिक खर्च रकम महल ५ मा एकमुष्ठ लेख्नुपर्दछ । यस्ता पूँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ६ मा लेख्नुपर्दछ । |
| ८. | खोर तथा टहरा / अफिस / स्टोर निर्माण | सन्दर्भ अवधिमा व्यवसाय संचालन प्रयोजनको लागि नयाँ खोरटहरा निर्माण गरेको भए सो बापतको जम्मा वार्षिक खर्च रकम महल ५ मा एकमुष्ठ लेख्नुपर्दछ । त्यसै गरी यस्ता पूँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ६ मा लेख्नुपर्दछ । |
| ९. | पिँजडा (केज) र अण्डा संकलन सिस्टम | विशेष गरेर चल्ला हुर्काउन केज/पिँजडाको प्रयोग हुन्छ । यसले चल्लाहरुलाई सुरक्षित हुर्काउन मद्दत गर्दछ ।<br>अण्डा संकलन सिस्टम एक आधुनिक उपकरण हो । यसले कुखुराले पारेको अण्डालाई सुरक्षित साथ एकै ठाउमा संकलन गर्दछ ।<br>यदि सन्दर्भ अवधिमा यस प्रकारको केज (पिँजडा) र अण्डा संकलन सिस्टममा खर्च गरेको भए त्यसको जम्मा वार्षिक खर्च रकम महल ५ मा एकमुष्ठ लेख्नुपर्दछ । यस्ता पूँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ६ मा लेख्नुपर्दछ । |
| १०. | कम्प्युटर/प्रिन्टर/ल्यापटप | फर्ममा कार्यालय सञ्चालनका लागि **सन्दर्भ अवधिमा** कम्प्युटर/प्रिन्टर/ल्यापटप आदि खरिद गरेको भए त्यसको वार्षिक खर्च रकम महल ५ मा लेख्नुपर्दछ । यस्ता पूँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ६ मा लेख्नुपर्दछ । |
| ११. | पूँजीगत मर्मत | सन्दर्भ अवधिमा फर्मले व्यवसाय संचालनको सिलसिलामा विभिन्न साधन जस्तै यातायात, औजार, भवन/खोरटहरा आदि मर्मत गरेको हुनसक्छ । यस्ता व्यवसायिक प्रयोजनको लागि गरेको पूँजीगत सामानको मर्मत बापतको वार्षिक खर्च एकमुष्ठ महल ५ मा लेख्नुपर्दछ । यहाँ साना प्रकृतिका मर्मत खर्चलाई समावेश गरिँदैन । |

| | | |
|---|---|---|
| १२. | यातायातका साधन | फर्ममा व्यवसायिक प्रयोजनको लागि यातायातको साधन जस्तैः साइकल, मोटरसाइकल, कार, जीप, ट्रक आदि सन्दर्भ अवधिमा खरिद गरेको भए जम्मा वार्षिक खर्च रकम महल ५ मा एकमुष्ठ लेख्नुपर्दछ । यस्ता पूँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ६ मा लेख्नुपर्दछ । |
| १३. | फर्निचर | सन्दर्भ अवधिमा व्यवसाय संचालन प्रयोजनको लागि फर्निचरहरुको खरिद गरेको भए जम्मा वार्षिक खर्च रकम महल ५ मा एकमुष्ठ लेख्नुपर्दछ । यस्ता पूँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ६ मा लेख्नुपर्दछ । |
| १४. | अन्य | माथि उल्लेखित पूँजिगत सामानबाहेक अन्य कुनै समाग्री सन्दर्भ अवधिमा खरिद गरेको भए सो सामाग्रीको जम्मा वार्षिक खर्च रकम महल ५ मा एकमुष्ठ लेख्नुपर्दछ । यस्ता पूँजीगत सामान सन्दर्भ अवधिमा बिक्री गरिएको भए बिक्रीबाट प्राप्त रकम महल ६ मा लेख्नुपर्दछ । |

## खण्ड ७: ऋणसम्बन्धी विवरण:

कुखुरापालन व्यवसायीले ऋण विभिन्न प्रयोजनका लागि लिएका हुन्छन्, जस्तैः चल्ला खरिद, दाना खरिद, खोरटहरा निर्माण आदि । यस भागको ऋणसम्बन्धी प्रश्नमा उक्त व्यवसायीले लिएको ऋण छ, छैन र लिएको भए ऋणको स्रोत तथा थप ऋणको आवश्यकता र प्रयोजनसम्बन्धी जानकारी लिन खोजिएको छ ।

**७.१ यस फर्मले कुखुरापालन व्यवसायको लागि ऋण लिएको छ ?**

कुखुरापालन व्यवसायीले ऋण लिएको भए कोड “१” मा गोलोघेरा लगाई प्रश्न नं. ७.२ सोध्नुपर्दछ । ऋण नलिएको भए कोड “२” मा गोलो घेरा लगाई प्रश्न नं. ७.२ नसोधी प्रश्न नं. ७.३ सोध्नु पर्दछ ।

गणनाको दिनमा व्यवसायीले ऋण तिर्न बाँकी भए मात्र यहाँ ऋण लिएको मानिन्छ । गणनाको दिन अगावै ऋण तिरी सकेको भए ऋण लिएको मानिदैन र त्यस्ता व्यवसायीलाई प्रश्न नं ७.३ सोध्नुपर्दछ ।

**७.२ यस फर्मले ऋण मुख्यतः कहाँबाट लिएको हो ?**

फर्मले ऋण कहाँबाट लिएको हो सोधी उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्दछ । सहकारी संस्थाबाट लिएको भए कोड “१” मा, कृषि विकास बैंक बाट लिएको भए “२” मा, अन्य बैंक/वित्तीय संस्थाहरूबाट लिएको भए “३” मा गोलो घेरा लगाउनुपर्दछ । यी बाहेक अन्य कुनै स्रोतबाट लिएको भए “४” मा गोलो घेरा लगाएर स्रोतको नाम पनि लेख्नुपर्दछ । यहाँ अन्य बैंक/वित्तीयसंस्था भन्नाले नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक, विकास बैंक, ग्रामीण विकास बैंकजस्ता बैंकहरु तथा विभिन्न फाइनान्स कम्पनीहरू पर्दछन् ।

एउटा भन्दा बढी स्रोतबाट ऋण लिएको भए सबै भन्दा बढी ऋण लिएको स्रोतलाई गोलो घेरा लगाउनुपर्दछ ।

**७.३ यस फर्मलाई कुखुरापालन व्यवसायका लागि ऋण/थप ऋणको आवश्यकता छ ?**

यो प्रश्नमा कृषि ऋण नलिएका व्यवसायीलाई ऋणको आवश्यकता र ऋण पहिले नै लिएर तिर्न बाँकी भएकालाई थप ऋणको आवश्यकता छ, छैन सोध्नुपर्दछ । यदि यस्तो ऋण वा थप ऋणको आवश्यकता छ भन्ने उत्तर आएमा कोड “१” मा गोलो घेरा लगाई प्रश्न नं. ७.४ सोध्नुपर्दछ र छैन भन्ने उत्तर आएमा कोड “२” मा गोलो घेरा लगाई प्रश्न नं. ७.४ लाई फड्केर खण्ड ८ सोध्नुपर्दछ ।

**७.४ यस फर्मलाई मुख्य कुन उद्देश्यका लागि ऋण/थप ऋणको आवश्यकता छ ?**

व्यवसायीलाई ऋण/थप ऋणको आवश्यकता भएमा यस प्रश्नमा के प्रयोजनका लागि हो सोधी सम्बन्धित कोडमा गोलो घेरा लगाउनु पर्दछ । उदाहरणको लागिः १. चल्ला खरिद २. दाना खरिद ३. खोप तथा औषधी खरिद ४. खोर तथा टहरा निर्माण ५. मेशिनरी औजार खरिद ६. अन्य खुलाउने आदि । यदि एक भन्दा बढी उद्देश्यको लागि ऋण आवश्यक रहेछ भने तीमध्ये पहिलो प्राथमिकता जुन हो, त्यसमा गोलो घेरा लगाउनुपर्दछ ।

## खण्ड ८ विविध

प्रश्नावलीको यस खण्डमा कुखुरापालनका लागि प्रयोग गरेका व्यवसायिक भवन र तिनको प्रकार, व्यवसायीको यो व्यवसाय संचालन गर्नुअघिको व्यवसाय, व्यवसाय सम्बन्धि आगामी दिनको योजना, जैविक सुरक्षा प्रणाली तथा

वातावरणीय व्यवस्थापन, कुखुरापालन व्यवसाय प्रति व्यवसायीको धारणा र व्यवसायीको नजरमा कुखुरापालन व्यवसायलाई समृद्ध बनाउन सरकारले गर्नुपर्ने प्रमुख कार्यहरु बारेमा जानकारी लिइनेछ ।

**८.१ यस फर्मले कुखुरापालनको लागि छुट्टै व्यवसायिक भवन (खोर/घर) प्रयोग गरेको छ ?**
यस प्रश्नमा कुखुरापालन गर्दा मानिस बसोबास गरेको आवासीय भवनमा नै पालिएको हो वा छुट्टै किसिमको व्यवसायिक भवनमा पालिएको हो जान्न खोजिएको छ । कुखुरापालन व्यवसाय छुट्टै व्यवसायिक (गैरआवासीय) भवनमा पालिएको भए कोड “१” मा गोलोघेरा लगाई प्रश्न नं. ८.२ सोध्नुपर्दछ । व्यवसायिक भवनमा नभई अन्यत्र अथवा आवासीय भवनमा नै पालिएको भए कोड “२” मा गोलो घेरा लगाई प्रश्न नं. ८.२ नसोधी प्रश्न नं. ८.३ सोध्नु पर्दछ ।

**८.२ यस व्यवसायमा रहेको व्यवसायिक भवन (खोर/घर) को संख्या, स्वामित्व तथा भवनको प्रकार**
यस प्रश्नमा व्यवसायिक भवन (खोर/घर)को किसिमअनुसार त्यसको स्वामित्व तथा भवनको प्रकारको बारेमा सोधी लेख्नुपर्दछ । व्यवसाय संचालनको क्रममा व्यवसायिक भवन विभिन्न प्रयोजनको लागि प्रयोग भएको हुन सक्छ जस्तै कुखुरापालनका लागि, चल्ला उत्पादनका लागि, स्टोरका प्रयोजनका लागि, कार्यालय संचालनका लागि आदि ।
यदि व्यवसायीले यस्ता व्यवसायिक भवन प्रयोग गरेको भएमा प्रयोग गरिएका भवनहरुको प्रकार र स्वामित्वअनुसार संख्या सोधी आफ्नै स्वामित्वको भए महल ३ मा, अरुको भए महल ४ मा र दुबै जोडी जम्मा संख्या महल ५ मा लेख्नुपर्दछ ।
त्यसै गरी कुखुरापालन तथा चल्ला उत्पादनका लागि प्रयोग भएको व्यवसायिक भवन (खोर/घर) का लागि मात्र बनौटको प्रकारअनुसार व्यवस्थित भवनको संख्या महल ६ मा, अर्धव्यवस्थित भवनको संख्या महल ७ मा र अव्यवस्थित भवनको संख्या महल ८ मा छुट्टाछुट्टै लेख्नुपर्दछ । तर स्टोर प्रयोजनका लागि, कार्यालय संचालनका लागि र अन्य विविध कार्यका लागि प्रयोग गरिएको व्यवसायिक भवनको बनौटको प्रकार सोध्नुपर्दैन ।

**व्यवस्थित भवन** : कुखुरापालन व्यवासाय प्रयोजनको लागि प्रयोग गरिएको व्यवसायीक भवन कुखुरा पालनका लागि उपयुक्त हुने गरी त्यसको भूइँ सिमेन्टले चिल्लो र एकतर्फ भिरालो गरी बनाइएको र त्यसको गारो जमिनबाट २–३ फिटको उचाइसम्म उठाई त्यसमाथि जाली लगाई खोरको उचाई ७ फिटभन्दा बढी उठाई जस्तापाता, लेन सिट, टायल, खर वा परालबाट दुई पाखे डिजाइनको छानोसहित बनाइएको भवनलाई व्यवस्थित व्यवसायिक भवन (खोर/घर) भनिन्छ ।

**अर्धव्यवस्थित भवन** : व्यवसायीक भवनको भूइँ सिमेन्टले चिल्लो नबनाई माटो वा बालुवामाथि इटा राखी साधारण गारो लगाएर तारजालीको घेरा बनाई साधारण छाना सहितको व्यवसायिक भवन (खोर/घर) लाई अर्धव्यवस्थित व्यवसायीक भवन भनिन्छ ।

**अव्यवस्थित भवन** : व्यवसायिक भवनको भूइँमा सिमेन्ट, इटा प्रयोग नगरी गारोको सट्टामा बाँस, काठमा त्रिपाल जाली लगाई वा टाटीको गारो बनाई खर परालको छाना लगाई तयार गरिएको खोरलाई अव्यवस्थित व्यवसायीक भवन भनिन्छ । साधारणतथा यस प्रकारको भवनलाई सुरक्षित मानिदैन् ।

**८.३ यो कुखुरापालन व्यवसाय गर्नुअघि प्रमुख सञ्चालकको व्यवसाय के थियो ?**
यस प्रश्नमा कस्ता व्यवसायमा संलग्न व्यक्तिहरु कुखुरापालन व्यवसायमा आएका रहेछन् भन्ने जान्न खोजिएको हो । व्यवसायीको कुखुरापालन व्यवसाय संचालन गर्नुअघि के व्यवसाय थियो सोधी कृषि (कुखुरापालन बाहेक) भए १मा, व्यापार भए २ मा, उद्योग भए ३ मा, नोकरी भए ४ मा, वैदेशिक रोजगार भए ५ मा र विद्यार्थी भए ६ मा गोलो घेरा लगाउनुपर्दछ । यी उल्लिखित व्यवसायबाहेक अन्य भए सो खुलाई ७ मा गोलो घेरा लगाउनुपर्दछ ।

**८.४ प्रमुख सञ्चालकले कुखुरापालन व्यवसायसम्बन्धी तालिम लिनु भएको छ ?**
यहाँ कुखुरा फर्मका प्रमुख सञ्चालक वा कृषकले कुखुरापालन व्यवसायसम्बन्धी तालिम लिए नलिएको सोधी तालिम लिएको भए १ छ मा र तालिम नलिएको भए २ छैनमा गोलो घेरा लगाउनु पर्दछ ।

कुनै पनि सरकारी तथा गैरसरकारी निकायबाट कुखुरापालनसम्बन्धी व्यवहारिक तथा सैद्धान्तिक ज्ञान दिने उद्देश्यले दिइएको एक दिन वा सोभन्दा बढी अवधिको तालिम लिएको व्यक्तिलाई तालिम लिएको मानिन्छ ।

**८.५ यो कुखुरापालन व्यवसाय प्रमुख सञ्चालकको प्रमुख व्यवसाय हो ?**
यहाँ कुखुरा फर्मका प्रमुख सञ्चालक वा कृषकको कुखुरापालन व्यवसाय प्रमुख व्यवसाय हो वा होइन सोधी, प्रमुख व्यवसाय भएमा १ हो मा र नभएमा २ होइन मा गोलो घेरा लगाउनु पर्दछ ।

**८.६ यस कुखुरापालन व्यवसायसम्बन्धी भावी योजना के छ ?**
यस प्रश्नमा कुखुरापालन व्यवसायीले आगामी वर्ष आफ्नो व्यवसाय कुन क्षमतामा संचालन गर्ने योजना गरेको छ सोधी यथावत् संचालन गर्ने योजना भए १ मा, क्षमता वृद्धि गर्ने योजना भए २ मा, क्षमता कम गर्ने योजना भए ३ मा र व्यवसाय नै बन्द गर्ने योजना भए ४ मा गोलो घेरा लगाउनु पर्दछ ।

**८.७ यस फर्मले जैविक सुरक्षा प्रणालीका निम्न उपायहरु अपनाएको छ ?**
कुखुरापालन व्यवसायमा जैविक सुरक्षा प्रणालीको अत्यन्तै महत्व रहेको हुन्छ । यसले वातावरणीय प्रभावका साथै कुखुराको मृत्युदरमा समेत प्रत्यक्ष प्रभाव पार्छ । यसरी व्यवसायमा जैविक सुरक्षाका निम्न उपायहरु अपनाएको छ, छैन सोधी अवलोकनसमेत गरी कुखुरापालन व्यवसाय बस्तीबाट अलग्गै एकान्तमा भए १ छ र नभए २ छैन मा गोलो घेरा लगाउनुपर्दछ । यसरी नै कुखुरा फर्म वरिपरि पर्खाल वा तारघेरा लगाएको छ भने १ छ मा र नभए २ छैन मा, खोरभित्र पस्ने ढोका वा गेटमा निसंक्रमण औषधी राखी खुट्टा चोपलेर जाने गरेको छ भने १ छ मा र छैन भने २ छैन मा, कुखुरा फर्मभित्र जाँदा छुट्टै लुगा बदलेर जाने गरेको छ भने १ छ मा र नभए २ छैन मा, खोरको भुई तथा औजार बेलाबेलामा निसंक्रमण रसायनले सफा गर्ने गरेको छ भने १ छ मा र नभए २ छैनमा, मलको प्रयोजनका लागि बिक्री गर्नुअघि सुलीको उचित व्यवस्थापन गरेको छ भने १ मा र छैन भने २ मा र डिस्पोजल पिट (खाडल) को व्यबस्था गरेको छ भने १ मा र छैन भने २ मा गोलो घेरा लगाउनुपर्दछ ।

**८.८ यस फर्मले मृत्यु भएका कुखुराहरुको व्यवस्थापन कसरी गर्ने गरेको छ ?**
फर्ममा विभिन्न कारणले कुखुराको मृत्यु हुनसक्छ । यसरी मृत्यु भएका कुखुराको सही रुपमा व्यवस्थापन हुन नसकेमा वातावरणीय प्रभावमा प्रत्यक्ष असर गर्दछ । यस प्रश्नमा फर्ममा मृत्यु भएका कुखुराको व्यवस्थापन कसरी गर्ने गरेको छ सोधी गाड्ने वा जलाउने भए १ मा, फोहरको कन्टेनरमा फाल्ने गरेको भए २ मा र योबाहेक अन्य तरिकाले व्यवस्थापन गर्ने गरेको भए ३ मा गोलो घेरा लगाई व्यवस्थापन गर्ने तरिका खुलाउनु पर्दछ ।

**८.९ कुखुरापालन व्यवसायमा प्रभाव पार्ने विविध पक्षहरु**
कुनै पनि व्यवसायलाई सफलतापूर्वक सम्पन्न गर्न त्यस व्यबसायसँग सम्बन्धित आन्तरिक तथा बाह्य विविध पक्षहरुको महत्वपूर्ण भूमिका रहिआएको छ । यस प्रश्नमा कुखुरापालक व्यवसायीको विविध क्षेत्र प्रतिको धारणा जान्न खोजिएको छ । विभिन्न विषयउपर व्यवसायीले व्यक्त गरेको धारणालाई १ राम्रो, २ ठीकै र ३ नराम्रो गरी तीन स्तरमा वर्गीकरण गरिएको छ । व्यवसायीलाई सरकारी प्राविधिक सेवाको उपलब्धता सोध्दा राम्रो भनेमा १ मा, ठीकै भनेमा २ मा र नराम्रो भनेमा ३ मा गोलो घेरा लगाउनुपर्दछ । यसरी नै व्यवसायीको विचारमा निजी प्राविधिक सेवाको उपलब्धता, दक्ष जनशक्ति उपलब्धताको स्थिति, बैकको ब्याजदर, उत्पादनको बजार, चल्लाको गुणस्तर, दानाको गुणस्तर र व्यवसायीको आफ्नै व्यवसायप्रति सन्तुष्टीको स्केलको बारेमा अलगअलग सोधी राम्रो भनेमा १ मा, ठिकै भनेमा २ मा र नराम्रो भनेमा ३ मा गोलो घेरा लगाउनुपर्दछ ।

**८.१० तपाईको विचारमा कुखुरापालन व्यवसायको हितको लागि सरकारले गर्नुपर्ने प्रमुख कार्यहरु केके हुनसक्छन् ?**
कुखुरापालन व्यवसायीको लागि नेपाल सरकारले के कस्तो नीति, योजना ल्याउने वा व्यवस्था गरेमा यो व्यवसाय अझ फस्टाउन सक्छ, समृद्ध हुन्छ भन्ने लाग्छ सोधी गर्नुपर्ने सुधारका लागि सुझाव उल्लेख गर्नुपर्दछ । यसरी सुझाव लेख्दा बुँदागतरुपमा बढीमा ५ वटा सम्म सुझावहरु लेख्न सकिन्छ ।

## *अनुसूची १*
## *जिल्ला कोड*

| जिल्ला | कोड | जिल्ला | कोड | जिल्ला | कोड |
|---|---|---|---|---|---|
| ताप्लेजुङ | ०१ | भक्तपुर | २६ | अर्घाखाँची | ५१ |
| पाँचथर | ०२ | काठमाडौं | २७ | प्युठान | ५२ |
| इलाम | ०३ | नुवाकोट | २८ | रोल्पा | ५३ |
| झापा | ०४ | रसुवा | २९ | रूकुम | ५४ |
| मोरङ | ०५ | धादिङ | ३० | सल्यान | ५५ |
| सुनसरी | ०६ | मकवानपुर | ३१ | दाङ | ५६ |
| धनकुटा | ०७ | रौतहट | ३२ | बाँके | ५७ |
| तेह्रथुम | ०८ | बारा | ३३ | बर्दिया | ५८ |
| संखुवासभा | ०९ | पर्सा | ३४ | सुर्खेत | ५९ |
| भोजपुर | १० | चितवन | ३५ | दैलेख | ६० |
| सोलुखुम्बु | ११ | गोरखा | ३६ | जाजरकोट | ६१ |
| ओखलढुङ्गा | १२ | लमजुङ | ३७ | डोल्पा | ६२ |
| खोटाङ | १३ | तनहुँ | ३८ | जुम्ला | ६३ |
| उदयपुर | १४ | स्याङ्जा | ३९ | कालीकोट | ६४ |
| सप्तरी | १५ | कास्की | ४० | मुगु | ६५ |
| सिरहा | १६ | मनाङ | ४१ | हुम्ला | ६६ |
| धनुषा | १७ | मुस्ताङ | ४२ | बाजुरा | ६७ |
| महोत्तरी | १८ | म्याग्दी | ४३ | बझाङ | ६८ |
| सर्लाही | १९ | पर्वत | ४४ | अछाम | ६९ |
| सिन्धुली | २० | बागलुङ | ४५ | डोटी | ७० |
| रामेछाप | २१ | गुल्मी | ४६ | कैलाली | ७१ |
| दोलखा | २२ | पाल्पा | ४७ | कञ्चनपुर | ७२ |
| सिन्धुपाल्चोक | २३ | नवलपरासी | ४८ | डँडेलधुरा | ७३ |
| काभ्रे | २४ | रूपन्देही | ४९ | बैतडी | ७४ |
| ललितपुर | २५ | कपिलवस्तु | ५० | दार्चुला | ७५ |